# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## लिखु पिके गाउँपालिका
## सोलुखुम्बु





महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## लिखु पिके गाउँपालिका

## सोलुखुम्बु




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## लिखु पिके गाउँपालिका

## सोलुखुम्बु

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर रायसहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको, बाँकी अनुदान वर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेकोलगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनोट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दीअनुसार पदपूर्ति नभएको, दरबन्दीबेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एवं सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ । स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदनउपर छलफल र बेरुजु फस्यौंटसम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन। लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भइ लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका प्रमुखसहितका पदाधिकारीहरूसँग छलफलसमेत गरिएको छ । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल

Anamnagar, Kathmandu, Nepal

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**

**कोशी प्रदेश**

पत्र संख्याः २०७९/८०

च.नं. ११० मितिः २०७९।१२।२९

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्षज्यू,

लिखु पिके गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

सोलुखुम्बु ।

१. **कैफियतसहितको राय-** हामीले लिखु पिके गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

२. **कैफियतसहितको राय व्यक्त गर्ने आधार-**

२.१ गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२.२ लेखापरीक्षणबाट रू. १ करोड ७८ लाख ९८ हजार बेरुजु देखिएको छ । सोमध्ये प्रतिक्रियाबाट रु. १८ लाख ९७ हजार फर्स्यौट भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. २० लाख ८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. २७ लाख ९५ हजार र नियमित गर्नुपर्ने रु. १ करोड ११ लाख ९८ हजार रहेको छ । पालिकाको गत वर्षसम्म रु. ५ करोड ५८ लाख २० हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु. ७ करोड १४ लाख १७ हजार रहेको छ । गाउँपालिकाको **बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**

२.३ गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेकोलगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ । कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

२.४ आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने पालिकासँग हामी स्वतन्त्र छौं । त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

३. **वित्तीय विवरणउपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

४. **वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी-** वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूतरूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

(पद्मप्रसाद आचार्य)

नायब महालेखापरीक्षक

## लिखु पिके गाउँपालिका, सोलुखुम्बु
## बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## आर्थिक वर्ष २०७८/७९

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ३२ | ५८ | १७८९८ | ० | २ | १८९७ | ३२ | ५६ | १६००१ | २००८ | १११९८ | २७९५ | ० | ० | १३९९३ | ० |

### प्रतिक्रियाबाट फस्र्यौट गरिएका दफाहरुको स्वीकृत विवरण

*(रु. हजारमा)*

| क्र.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| १ | २०.२ | स्पेशिफिकेशन तथा प्राविधिक परिक्षणको प्रमाण पेश | ११९७४३७ |
| २ | ४१.२ | स्पेशिफिकेशन तथा प्राविधिक परिक्षणको प्रमाण पेश | ७००००० |
| **जम्मा रु.** | | | **१८९७४३७** |

### अद्यावधिक बेरुजु स्थिति

*(रु. हजारमा)*

| जिल्ला | पालिका | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|---|
| सोलुखुम्बु | लिखु पिके गाउँपालिका | ५५८२० | ० | ४०४ | ५५४१६ | ० | १६००१ | ७१४१७ |

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : लिखु पिके गाउँपालिका, सोलुखुम्बु , लिखु पिके गाउँपालिका , सोलुखुम्बु

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | रमेश कुमार कार्की | २०७८-५-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | रेख बहादुर राई | २०७७-९-९ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | १६,००१,३०२.६२ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ४३,८१,३६२.१९ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | १८,६४,८४,००० | **चालु खर्च** | १३,८८,१०,३७६.१९ |
| **प्रदेश सरकारबाट अनुदान** | ९९,७०,००० | **पूँजीगत खर्च** | ५,१४,८३,८२७.५२ |
| **राजश्व बाँडफाँट** | ३,४९,०६,४१८ | **वित्तीय/अन्य व्यवस्था** | ० |
| **आन्तरिक आय** | ८,०१,६४२ | | |
| **अन्य आय** | ३९,३०,३३० | | |
| **कुल आय** | २३,६०,९२,३९० | **कुल खर्च** | १९,०२,९४,२०३.७१ |
| **बाँकी मौज्दात** | | ५,०९,५९,३९३.५९ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकार संचालन गर्ने उद्देश्यले यस लिखुपिके गाँउपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस गाँउपालिकाको उद्देश्य रहेको छ । यस गाँउपालिका अन्तर्गत ५ वडा, २८ सभा सदस्य, १२४.३८ वर्ग किलोमिटर क्षेत्रफल तथा ५ हजार ५३४ जनसंख्या रहेको छ । | |
| २ | | | **वित्तिय विवरण** | |

प्राप्ती भुक्तानी हिसाव

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | २८,३६,४६,४२७.७५ | २३,७९,७७,३७७.६१ | | २३,७९,७७,३७७.६१ | २२,३०,३८,४४३.३१ | | २२,३०,३८,४४३.३१ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | २८,३२,९८,९८८ | २३,६०,९२,७३५.३५ | ० | २३,६०,९२,७३५.३५ | २२,१३,५९,२१९.५५ | ० | २२,१३,५९,२१९.५५ |
| ११००० कर | ११ | ७,७१,३३,९८८ | ३,९०,६२,६६१.३५ | ० | ३,९०,६२,६६१.३५ | २,९८,७९,४२४.३९ | ० | २,९८,७९,४२४.३९ |
| १३००० अनुदान | | २०,०८,४३,००० | १९,६४,५४,००० | ० | १९,६४,५४,००० | १९,०६,५९,०८० | ० | १९,०६,५९,०८० |
| संघीय सरकार | १२ | १८,६८,८४,००० | १८,६४,८४,००० | ० | १८,६४,८४,००० | १७,३५,५८,०८० | ० | १७,३५,५८,०८० |
| प्रदेश सरकार | १२ | १,३९,५९,००० | ९९,७०,००० | ० | ९९,७०,००० | १,७१,०१,००० | ० | १,७१,०१,००० |
| १४००० अन्य राजस्व | | ४८,२२,००० | ३,५८,७५२ | ० | ३,५८,७५२ | ८,२०,७१५.१६ | ० | ८,२०,७१५.१६ |
| १५००० विविध प्राप्ति | | ५,००,००० | २,१७,३२२ | ० | २,१७,३२२ | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | ३,४७,४३९.७५ | १८,८४,६४२.२६ | | १८,८४,६४२.२६ | १६,७९,२२३.७६ | | १६,७९,२२३.७६ |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कोषहरु | | ३,४७,४३९.७५ | ३,४७,४३९.७५ | ० | ३,४७,४३९.७५ | २,९६,९१२ | ० | २,९६,९१२ | |
| | | | धरौटी | | ० | १५,३७,२०२.५१ | ० | १५,३७,२०२.५१ | १३,८२,३११.७६ | ० | १३,८२,३११.७६ | |
| | | | संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० | |
| | | | भुक्तानी (ग+घ) | | २८,३७,४६,४२७.७५ | १९,१३,८४,८७४.७१ | | १९,१३,८४,८७४.७१ | २०,१३,७२,४२७.५२ | | २०,१३,७२,४२७.५२ | |
| | | | ग. भुक्तानी (सञ्चित कोषबाट) | | २८,३३,९८,९८८ | १९,०२,९४,२०३.७१ | | १९,०२,९४,२०३.७१ | १९,९८,१९,००४.५२ | | १९,९८,१९,००४.५२ | |
| | | | २१००० पारिश्रमिक / सुविधा | १८ | १०,९८,१८,९०८ | ९,००,५०,६६३.१९ | ० | ९,००,५०,६६३.१९ | ६,८५,३६,६९४.२३ | ० | ६,८५,३६,६९४.२३ | |
| | | | २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ६,३२,४५,५३२ | ४,२४,७०,५४६ | ० | ४,२४,७०,५४६ | ४,०७,४२,१६५.३४ | ० | ४,०७,४२,१६५.३४ | |
| | | | २५००० सहायता (Subsidy) | १८ | ३२,५९,००० | १८,०५,०८० | ० | १८,०५,०८० | ७९,८६,४८८ | ० | ७९,८६,४८८ | |
| | | | २६००० अनुदान | १८ | ८०,००० | ८०,००० | ० | ८०,००० | ४,००,००० | ० | ४,००,००० | |
| | | | २७००० सामाजिक सुरक्षा | १८ | ७३,६५,००० | २४,३४,०८७ | ० | २४,३४,०८७ | ६३,७७,५०० | ० | ६३,७७,५०० | |
| | | | २८००० अन्य खर्च | १८ | १९,७०,००० | १९,७०,००० | ० | १९,७०,००० | ३५,९१,२२६.५० | ० | ३५,९१,२२६.५० | |
| | | | ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | ९,७६,६०,५४८ | ५,१४,८३,८२७.५२ | ० | ५,१४,८३,८२७.५२ | ७,२१,८४,९३०.४५ | ० | ७,२१,८४,९३०.४५ | |
| | | | घ. अन्य भूक्तानी | | ३,४७,४३९.७५ | १०,९०,६७१ | | १०,९०,६७१ | २०,१३,७२,४२७.५२ | | २०,१३,७२,४२७.५२ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>कोषहरु</td><td></td><td>३,४७,४३९.७५</td><td>३,००,७६०</td><td>०</td><td>३,००,७६०</td><td>२,८३,४४०</td><td>०</td><td>२,८३,४४०</td></tr>
<tr><td>धरौटी</td><td></td><td>०</td><td>७,९०,४५३</td><td>०</td><td>७,९०,४५३</td><td>१२,६९,९८३</td><td>०</td><td>१२,६९,९८३</td></tr>
<tr><td>संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम</td><td></td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी</td><td></td><td></td><td>(५४२)</td><td></td><td>(५४२)</td><td></td><td></td><td></td></tr>
<tr><td>ङ. यो वर्षको बचत (न्युन)</td><td></td><td>(१,००,०००)</td><td>४,६५,९२,५०२.९०</td><td></td><td>४,६५,९२,५०२.९०</td><td>२,१६,६६,०१५.७९</td><td></td><td>२,१६,६६,०१५.७९</td></tr>
<tr><td>च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)</td><td></td><td></td><td>४३,६६,८९०.६९</td><td></td><td>४३,६६,८९०.६९</td><td>२७,०१,६०२</td><td></td><td>२७,०१,६०२</td></tr>
<tr><td>वर्षान्तको बाकी रकम (ङ + च)</td><td></td><td>(१,००,०००)</td><td>५,०९,५९,३९३.५९</td><td></td><td>५,०९,५९,३९३.५९</td><td>२,४३,६७,६१७.७९</td><td></td><td>२,४३,६७,६१७.७९</td></tr>
<tr><td>बैंक तथा नगद बाकी</td><td>२४</td><td></td><td>५,०९,५९,३९३.५९</td><td></td><td>५,०९,५९,३९३.५९</td><td>१,०८,०६,३६९.५७</td><td></td><td>१,०८,०६,३६९.५७</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>तलवी प्रतिवेदनः<br>निजामती सेवा ऐन, २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्ने व्यवस्था छ पालिकाले आर्थिक वर्ष २०७८।७९ को तलवी प्रतिवेदन पारित नगरि तलव भत्तामा रु.१२७२७३७४/- खर्च लेखेको पाइयो । तलवी प्रतिवदेन पारित नभएकोले वास्तविक तलव तथा ग्रेड रकमको खर्च यकिन गर्ने अवस्था रहेन । तलवी प्रतिवेदन पारित गरेर मात्र तलव भत्ता खर्च लेख्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>करार कर्मचारीः<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ मा पालिकाको अधिकार क्षेत्र तथा कार्यबोझ समेतको विश्लेषण गरि संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी प्रस्ताव तयार गर्नुपर्ने व्यवस्था छ ।पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी विवरण तयार नगरि ४१ जना कर्मचारी करारमा राखि रु</td><td>२,८४६,४८०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ७८३०६७२ खर्च लेखेको पाइयो । त्यसैगरी<br>सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगरप्रहरी, सवारीचालक, सयश, कार्यालयसहयोगी, प्लम्बर, इलेक्ट्रिसियन, चौकिदार, मालि, बगैंचेल गायतका पदमा मात्र करार वाट सेवा लिनसकिने व्यवस्था गरेकोछ।स्थानीय तहले माथिउल्लेखित पदवाहेकको इन्जिनियर १, सव इन्जिनियर १, असिस्टेन्ट सव इन्जिनियर ४ ,कम्प्युटर अपरेटर २, सहायक कम्प्युटर अपरेटर २ जना गरि जम्मा १० जना करार नियुक्ति गरी बर्षभरीमा रु. २८४६४८०। भुक्तानी गरेकोले अनियमित देखिएको रु. | |
| ५ | | | **न्याय सम्पादन प्रकृयाः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रिया सम्वन्धि व्यवस्था छ। न्यायिक समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिमका विवाद दर्ता भएको ३ महिना भित्र टुङ्गो लगाउने व्यवस्था छ। लेखापरीक्षणलाइ प्राप्त विवरण अनुसार यस पालिकामा आ ब २०७७।७८वाट जम्मा २१ मुद्दा सरि आएको र यस वर्ष १३मुद्दा दर्ता भएको मध्ये ३ मुद्दा फर्छ्यैट भइ ३१ मुद्दा बाँकि रहेको देखिएको छ। न्याय सम्पादन प्रकर्यालाइ ऐनले तोकेको म्यादभित्र फर्छ्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ। | |
| ६ | | | **कानून निर्माण तथा कार्यन्बयनः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था भएकोमा लेखापरीक्षणलाइ प्राप्त विवरण अनुसार पालिकाले हाल सम्म २९ ऐन ५ कार्यविधि १ निर्देशिका निर्माण भइ कार्यान्वयनमा ल्याएको छ। | |
| ७ | | | **सेवा प्रवाहः**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम स्थानीय तहले आफ्नो नागरिकहरुलाई प्रदान गरेका सेवा र सोको प्रभावकारिता सम्बन्धमा अनुगमन तथा पृष्ठपोषण समेत लिई सेवाको गुणस्तर समेतमा आश्वस्त भई सेवा प्रवाह सञ्चालन गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा पालिकाले २०७८।७९ को अवधिमा प्रदान गरेको सेवाहरु सम्बन्धि विवरण माग गरिएकोमा विवरण पेश हुन नआएकोले पालिकाको सेवा प्रवाहको अवस्था सम्बन्धमा थप विश्लेषण गर्न सकिएन । | |
| ८ | | | **आन्तरीक नियन्त्रण प्रणाली**<br>**आन्तरीक नियन्त्रण प्रणाली**स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७८ मा स्थानीय तहले आन्तरिक नियन्त्रण प्रणाली तयार | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गरी लागु गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाइएन । यस सम्बन्धि देखिएका थप व्यहोराहरु देहायअनुसार छन । <br> · स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार पालिकालेआफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको देखिएन <br> · पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन <br> · पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको तोकिएको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन <br> · पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाइएन <br> · अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन <br> · गाउँपालिकाले जिन्सी मालसामानको एकिकृत विवरण तथा सहायक जिन्सी खाता राखेको पाईएन <br> · गाउँपालिकाले वडा कार्यालयमा रहेको जिन्सी मालसामानको अभिलेख मूल जिन्सी खातामा अद्यावधिक गरेको पाईएन <br> · गाउँपालिकाले जिन्सी निरिक्षण गरेको पाईएन <br> · कट्टा गरेको कर तोकिएको अवधीमा सम्बन्धित राजस्व खातामा जम्मा गरेको पाइएन <br> • पालिकाले सार्वजनिक खरिद नियमावली तर्जुमा गरेको पाइएन <br> · सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन <br> · संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको देखिएन <br> • सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको पाइएन <br> • सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गरेको पाइएन <br> • स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख राखेको पाइएन | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • उपभोक्ता समितिबाट सम्झौताबमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा मुल्यांकंन गर्ने गरेको पाइएन<br>• स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन। मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था रहेको पाइएन<br>• शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS):- कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग भिडान गर्ने व्यवस्था कार्यान्वयन नभएको<br>• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुबाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका अभिलेखहरु अद्याबधिक गरेको पाइएन<br>• संस्थागत विद्यालयहरूको दर्ता, नविकरण,शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित रहेको छैन<br>• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) अद्यावद्धिक गरेको पाइएन<br>• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखे को पाइएन<br>• विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएको भएतापनि कतिपय खर्च पुष्टि हुने आधार सहितको प्रमाण संलग्न गरेको देखिएन । खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर खर्च गर्ने र विल मात्र राखि खर्च गर्ने परिपाटि अन्त्य गर्नु पर्दछ<br>· सरकारी कार्यालयको बेरुजु लगत राख्न म.ले.प. फा.नं. ८०१ देखि ८०५ सम्म तपसिलको फारमहरुको व्यवस्था रहेकोमा पालिकाले तोकिएको ढाँचामा बेरुजु लगत अद्यावधिक गरेको पाईएन<br>· वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन<br>· मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई दिने गरेको देखिएन<br>• स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका तयार गरेको पाइएन<br>· कुनै रकमको भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | · मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक गरेको पाइएन<br>· सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा राखेको देखिएन। सफ्टवेयर फेलर वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था भएको देखिएन।<br>· गाउँपालिकाले म.ले.प. फारमा ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक र ९०६ बमोजिमको सवारी साधन र मेशिनरीको मर्मत अभिलेख राखेको पाईएन ।<br>· भ्रमण खर्च नियमावली २०६४ को नियम २१ वमोजिम कार्यालयले भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले भ्रमण अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले भ्रमण अभिलेख खाता राखेको पाईएन ।<br>· सरकारी भ्रमण गर्ने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रतिवेदन संलग्न गरेरमात्र भ्रमण खर्च भुक्तानी गर्नुपर्नेमा गाउँपालिकाबाट भ्रमण खर्च भुक्तानी गर्दा भ्रमण प्रतिवेदन संलग्न गरेको पाईएन।<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ८८ मा कार्यालयले वेरुजुको लगत राख्नुपर्ने व्यवस्था छ । पालिकाले वेरुजुको लगत अद्यावधिक गरेको पाइएन ।<br>आन्तरिक नियन्त्रण व्यवस्थाले मितव्ययिता पारदर्शिता र सेवा प्रवाहमा असर पर्ने भएकोले उल्लेखित नियमको प्रवधान पालना गरी उपर्युक्त विषयमा सुधार गर्नु पर्दछ। | |
| ९ | | | **शैक्षिक अभिलेख अवस्था** | |
| ९.१ | | | पालिकाले आफु मातहतका शैक्षिक संस्था तथा विद्यालयहरुको अनुगमन मापदण्ड निर्धारण गरि अनुगमन प्रतिवेदन सार्वजनिक गरेको पाइएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९.२ | | | पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी शुल्क निर्धारण र त्यसको कार्यान्वयनको अनुगमन गरेको समेत पाइउन । | |
| ९.३ | | | **तलवी प्रतिवेदन**<br>सामुदायिक विद्यालयमा कार्यरत शिक्षकको तलब भत्ता भुक्तानी गर्दा शिक्षक किताबखानावाट पारित तलबी प्रतिवेदनको आधारमा गर्नुपर्ने व्यवस्था छ । पालिकाले शिक्षकको तलवी प्रतिवेदन पारित नगरी तलबभत्ता खर्च लेखेको पाइयो । तलबी प्रतिवेदन स्वीकृत नगरी गरिएको खर्च यकिन गर्न सकिएन । | |
| १० | | | **रकमान्तर** | |
| १०.१ | | | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७९ रकमान्तर सम्बन्धी व्यवस्था छ । पालिकाले सभावाट पारित भएका चालु तर्फका ३० वटा योजनावाट ३२ योजनामा र पुँजिगत तर्फका ५९ योजनावाट ६५ योजनामा रु.२४९३०३२८।- बढाई कार्यक्रम संचालन र खर्च गरेको पाइयो । | |
| १०.२ | | | स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ मा बमोजिम आवधिक योजना, मध्यमकालिन, दीर्घकालीन विकास योजना, आयोजनाको प्राथमिकिकरण गरी नेपाल सरकार र प्रदेश सरकारको नीति , लक्ष्य र प्रक्रिया तथा दिगो विकास लक्ष्यको आन्तरिकिकरण र सामजस्यता गर्नु पर्नेमा सो अनुसार गरेको पाइएन । | |
| ११ | | | **कोभिड - १९ तर्फ**<br>**संक्रमण विरुद्धको खोप :-** पालिकावाट प्राप्त विवरण अनुसार यो वर्ष पालिका भित्रका नागरिकहरुलाई कोरोना संक्रमण रोकथामको लागि विभिन्न ५ प्रकारका खोप लगाउने कार्य गरी २०७९ भाद्र सम्म ६०४२ जनालाई पहिलो मात्रा (डोज) को मात्रा उपलब्ध गराएको छ । सो संख्या मध्ये १२-१७ उमेर समुहका ५५० जनालाई पहिलो डोज र ५२६ जनालाई दुवै डोज लगाएको समेत देखिएको छ । | |
| १२ | | | **खोप सेवा** | |
| १२.१ | | | सार्वजनिक निकायले म ले प फा नं ५०६ बमोजिमको ढाँचामा ठेक्कागत अभिलेख खाता र म ले प फा नं ५०७ बमोजिम ठेक्का सम्बन्धी गोश्वारा लगत राख्नु पर्ने व्यवस्था रहेकोमा पालिकाले नियममा तोके वमोजिमको ढाँचा तयार गरी अभिलेख गरेको पाइएन । | |
| १२.२ | | | सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४९ बमोजिम सार्वजनिक निकायले खरिद कारवाहीको अभिलेख राख्नुपर्नेमा पालिकाले | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | खरिद कार्वाहिको अभिलेख अद्यावधिक गरि राखेको पाइएन । | |
| १३ | | | **अनुदान फिर्ता स्थिति**<br>संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकाले आ.व.२०७।७९ मा प्राप्त संघिय तथा प्रदेश सरकारवाट प्राप्त शर्शत तर्फको अनुदान रकम मध्ये संघिय सरकार तर्फको रु. ३३१७०२४५।०१ तथा प्रदेश सरकार तर्फको वचत रकम रु. २८९३००।४६ मिति २०७९।४।२८ मा सम्बन्धीत निकायमा फिर्ता गरेको छ । | |
| १४ | | | **अवकास तथा निबृतिभरण कोषः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले योगदानमा आधारित उपदान वा निवृत्तभरण , औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउनको लागि खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी अवकाश कोषमा जम्मा गर्नुपर्ने र २०७६ श्रावण देखि नियुक्ति हुने कर्मचारीको हकमा निजको तलबबाट ६ प्रतिशत कट्टा गरी सोही बराबर थप गरी योगदानमा आधारीत निवृत्तिभरण कोषमा जम्मा गर्नुपर्ने व्यवस्था भएकोमा अवकास कोष तथा निवृतिभरण कोष को व्यवस्था गरेको पाईएन । कानूनको पालना गर्नु पर्दछ | |
| १५ | | | **संगठन संरचना /दरवन्दी पदपुर्तिः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम गर्नुपर्ने व्यवस्था छ। लेखापरीक्षण मा प्राप्त विवरण अनुसार जम्मा २८ दरवन्दि मा ११ पदपूर्ति र ५ रिक्त देखिएकोमा पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण गरेको पाईएन। अतः संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा संगठन संरचना कायम तथा दरवन्दि स्विकृत गरि पदपुर्ति गर्नु पर्दछ। | |
| १६ | | | **राजश्व दाखिला**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २८ अनुसार नेपाल सरकारलाई प्राप्त हुने राजश्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोहि दिन र सोहि दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्याक्तिले बैक दाखिला गर्नुपर्ने व्यवस्था गरेको छ । दफा २८ बमोजिम आफ्नो जिम्मामा आएको सरकारी नगदि सोहि दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन | १७५,१९१.०४ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र सोभन्दा बढी ढिलो गरेको भए दश प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारवाही समेत गर्न, गराउन सक्ने व्यवस्था रहेको छ । ऐनबमोजिम आफ्नो जिम्मामा आएको सरकारी रकम आर्थिक वर्ष समाप्त भएपछि पनि समयमा दाखिला गरेको नदेखिएकाले छानविन गरि जरिवाना सहित असुल गर्नुपर्ने रकम रु.
<table>
<tr><th>विवरण</th><th>दाखिला बाँकि रकम रु</th><th>१० प्रतिशत जरिवाना रु</th><th>जम्मा रु</th></tr>
<tr><td>पालिकातर्फ कम्पुटर अपरेटर शर्मिला खत्री र कृषि अधिकृत रमेश कुमार कार्की</td><td>१२२८०</td><td>१२२८</td><td>१३५०८</td></tr>
<tr><td>वडा न ५ तर्फ वडा सचिव विश्वासलाल कर्ण र कार्यालय सहयोगि पेम्वा तामाङ</td><td>१४६९८४।५८</td><td>१४६९८।४६</td><td>१६१६८३।०४</td></tr>
<tr><td colspan="4">वडा न ३ तर्फ वडा सचिव राममिलन कुशवाह वाट संकलन भएको राजश्व रु २१५३६ ० कार्यालयले आम्दानी बाँधेको छैन । बैंक मौज्दात खुलेको बैंक स्टेटमेन्ट प्राप्त हुन सकेन तसर्थ राजश्वको आर्थिक विवरण सहि छ भनि यकिन हुन सकिएन ।</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>ऐन अन्तर्गतको आय व्यवस्था<br>प्राकृतिक स्रोत आय :- स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२(क) मा गाँउपालिकाले आफ्नो क्षेत्रभित्र प्रारम्भिक वातावरणीय परिक्षणवाट तोकिएको परिमाणमा ढुंगा, गिट्टी, वालुवा, विक्रि गर्न सक्ने व्यवस्था छ ।पालिका भित्र निर्माणधिन विभिन्न हाइड्रोपवार कम्पनीहरुले संरचनामा निर्माण कार्यमा पालिका भित्रका खोला वाट ढुंगा, गिट्टी, वालुवा प्रयोग गर्ने गरेको तथा पालिकाको सिमानामा रहेको लिखुखोलाको रामेछाप जिल्लामा संचालनमा रहेको क्रसर उद्योगले ढुंगा लिखुपिके गा.पा.कै क्षेत्रवाट टिपरवाट लैजाने गरेको स्थलगत निरीक्षणमा देखियो । पालिकाको आर्थिक ऐन २०७८ को अनुसूचि १२ मा निर्माण सामाग्री शुल्क (निकासीको लागि) तोकी ढुंगा, गिट्टी, वालुवामा लिने व्यवस्था गरेकोमा टिपरको दर नतोकेकोले, ट्रक र ट्रयाक्टरको लागि प्रति ट्रयाक्टर २०० र प्रति ट्रक ४०० का दर तोकेपनि गा.पा.वाट छिमेकी जिल्लामा निकासी भै रहेको ढुंगाको शुल्क अस्ली गरेको पाइएन । आर्थिक ऐनमा खानीको ढुंगा गिट्टी रु.१५०००।- तोकेकोमा परिमाण र साधन तोकेको पाइएन ।<br>हाइड्रोपावर शुल्क :- पालिका आर्थिक ऐन २०७८ को अनुसूची (३) वमोजिम पालिका भित्रका उर्जामूलक उद्योग हाइड्रो (पेल्ट्रीक) लाई</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | उत्पादन क्षमताक आधारमा वार्षिक व्यवसाय कर लगाउने व्यवस्था गरी वार्षिक क्षमता १०० कि.वाट सम्म, १०० कि.वाट देखी ५०० कि.वाट र ५०० देखी माथी १ मेगावाट सम्ममा उर्जा उत्पादन गर्ने संस्थालाई व्यवसाय शुल्क क्रमश रु.१०,०००।- २०,०००।- र ३०,०००।- तोकिएकोमा त्यस्ता संस्थाको अभिलेख तयार गरी शुल्क असुल गरेको पाइएन । पालिकाले नै विद्युत उत्पादन गरी संचालन गरेको कोपाङ खोला जलविद्युत योजनाको शुल्क तोकि असुलीको व्यवस्था गरेको नपाइएको तर सो जलविद्युतमा कर्मचारी तथा अन्य खर्च पालिकावाट हुने गरेको छ । | |
| १८ | | | **असुली र दाखिला स्थिति**<br>**सिफारिस दस्तुर र अन्य आयः-** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २७ मा राजश्व दाखिला र लेखा सम्बन्धी व्यवस्था छ । आफ्नो जिम्मामा आएको सरकारी रकम सोही दिन वा भोलीपल्ट वैंक दाखिला गर्नपर्ने व्यवस्था छ । ऐनको दफा २८(२) मा सोही दिन वा भोलीपल्ट दाखिला गरेको नदेखिएमा दश प्रतिशत जरिवाना सहित दाखिला गर्नु पर्ने व्यवस्था भएकोमा वडा नं.५ का वडाध्यक्ष ङिमा छिरिङलामाको जिम्मा रहेको देखाएको रु.१४६९८४।५८ लेखापरीक्षण अवधी २०७९।५।१५ सम्म दाखिला नगरेकोले लाग्ने जरिवाना रु.१४६९८।- सहित रु.१६१,६४२।५८ असुल हुनपर्ने रु.१६१६४२।५८ गा.पा. केन्द्रमा संकलन गरेको रु.१२३८०।–समेत दाखिला नभएकोले सम्बन्धित कर्मचारी जिम्मेवार वनाई जरिवाना सहित असुल हुनुपर्ने रु.१३६१८।-ऐनको दफा २७ मा राजस्वको लेखा तयार गर्ने सम्बन्धी व्यवस्था छ । पालिकाले वडा नं.३, को दैनिक असुली र दाखिला मध्येको आम्दानी प्राप्त गरी सकेको रु.२२५३६०।- गोश्वरा भौचर तयार गरी श्रेस्ता अद्यावधिक गरेको पाइएन । | १७५,२६०.५८ |
| १९ | | | **आम्दानीको अभिलेख**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ अनुसार राजश्व दाखिला र राजश्वको लेखा सम्बन्धि व्यवस्था रहेको छ । गाँउपालिकाले विभिन्न श्रोतको आम्दानी संकलन गर्दा रसिदको आम्दानी खर्च र बाँकीको स्पष्ट अभिलेख देखिने गरी नगदी रसिद नियन्त्रण खाता तयार गरी प्रयोग भएका नगदी रसिदको दैनिक आम्दानीलाई दैनिक आम्दानी खातामा प्रविष्ट गरी सो को दैनिक जोड जम्मा देखाई, तोकिएको समय भित्रै नगद रकम बैंक दाखिला गरी आम्दानीको हिसाबलाई स्पष्ट र पारदर्शी बनाएको देखिएन । जसले गर्दा आम्दानी हुनुपर्ने र दाखिला गर्नुपर्ने रकमको यर्थाथ हिसाब एकिन हुन सकेन । तसर्थ गाँउपालिकाले आन्तरिक आयको अभिलेखलाई थप व्यवस्थित बनाई सुधार गर्नुपर्दछ । | |
| २० | | | **वारेन्टी ग्यारेन्टी** | |
| २०.१ | | | सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११ मा मालसामान खरिद गर्दा स्पेसिफिकेशन स्वीकृत गरी लागत अनुमान स्वीकृत गर्नुपर्ने | ५०,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | व्यवस्था छ । कार्यालयले सनवृज सोलार नेपाल प्रा.ली.वाट सोलार प्यानल खरिद गरी रु.७४८६०८।- भुक्तानी गरेकोमा लागत अनुमान तथा खरिद सम्झौताको BOQ मा नरहेको Transportation समेत उल्लेख गरी रु.५०,०००।- थप भुक्तानी दिएको रकम असुल हुनुपर्ने रु. | |
| २०.२ | | | **स्पेसिफिकेशन :-**<br>*..........(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।१५ को निर्णयबाट रु. ११९७४३७।-सम्परीक्षण गरिएको ।)* | ० |
| २१ | | | **कानूनी व्यवस्था**<br>**स्थानीय कानूनको कारण वढी लागत :-** स्थानीय सरकार संचालन ऐन २०७४ को नियम ११(४) मा सर्वमान्यतामा असर नपर्ने गरी तोकिएका विषयमा संघ तथा प्रदेश कानूनको अधिनमा रहि गाँउपालिकाको काम कर्तव्य तोकिएको छ । पालिकाले २०७७।१२।१६ मा पारित लिखुपिके गा.पा.को पुर्वाधार व्यवस्थापन ऐन २०७७ को दफा २२ मा एक निर्माण व्ववसायीले प्राप्त गरेको ठेक्का कार्यमा भाग लिन २ वटा सम्म कार्यको ठेक्का लिएपछि उक्त कार्य पुरा नगरी तेस्रो ठेक्का लिन नपाउने व्यवस्था रहेको देखाई मैली-वालेखर्क कित्रा सडकको वोलपत्रमा भाग लिने निर्माण व्यवसायी मध्ये सवैभन्दा घटी कवोल गर्नेको प्रस्ताव भन्दा रु.११५९५६।- बढी दरको ठेक्का स्वीकृत गरेको पाइयो ।संघिय र प्रदेश कानूनमा नभएको व्यवस्था स्थानीय कानूनमा समावेश गरेको कारण बढी लागत परेको देखियो । | |
| २२ | | | **गुणस्तर परिक्षण र भेरियसन** | |
| २२.१ | | | **गुणस्तर परिक्षण :-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा निर्माण सम्बन्धी कामको भुक्तानी गर्दा स्वीकृत स्पेसिफिकेशन अनुसारको सामाग्रीको गुणस्तर परिक्षण गराएर मात्र भुक्तानी गर्नपर्ने व्यवस्था छ । कार्यालयले वडा भवन निर्माण कार्य गराउदा प्रयोग गरिएका फलामेडण्डी र कंकिट कार्यको गुणस्तर परिक्षण वेगर भुक्तानी गर्ने गरेको पाइयो । | |
| २२.२ | | | **निर्माण सामाग्री खपत :-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ मा भेरिएसन सम्बन्धि व्यवस्था छ । निर्माण कार्य गराई भुक्तानी गर्दा स्वीकृत स्टाण्डर्ड स्पेसिफिकेशन तथा डिजाइनको आधारमा गर्नुपर्ने समेत व्यवस्था छ । कार्यालयले वडा नं.१ र ४ को भवन निर्माण कार्यमा खपत गरिने फलामे डण्डीको परिमाण BOQ मा स्वीकृत भन्दा वढी परिमाण खपत देखाई निर्माण व्यवसायीलाई निम्नानुसार भुक्तानी गरेको पाइयो । बढी परिमाण खपत गरी भुक्तानी गर्नु अघि कामको भेरिएसन स्वीकृत नगराई वढी भुक्तानी गरेको रु. | ४०६,७९२ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>वडा नं.१ भवन</td><td>३५२६४८।-</td></tr><tr><td>वडा नं.४ भवन</td><td>५४१४४।-</td></tr><tr><td>जम्मा</td><td>४०६७९२।-</td></tr></table></td><td></td></tr>
<tr><td>२३</td><td></td><td></td><td>उपभोक्ता समितिको कार्य अवस्था</td><td></td></tr>
<tr><td>२३.१</td><td></td><td></td><td>कामको मुल्यांकन र भुक्तानी :- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(११) मा उपभोक्ता समितिको कामको सुपरीवेक्षण गर्ने दायित्व उक्त काममा खटाएको प्राविधिकको हुने व्यवस्था छ । मौरी राख्ने ढुंगामा उपभोक्ता समितिवाट तारजालीमा ढुंगाको काम गराई भुक्तानी गर्दा सम्झौतामा २×१×१र १.५×१×१ साइजका २८ थान तासालीमा ढुंगा भर्ने कामको मुल्यांकन गरी रु.२८८०००।— विल तयार गर्दा उपभोक्ताले समावेश गरेको विजकमा २३ थान जाली मात्र जि.एल.हार्डवेयर वाट खरिद गरेको विजक समावेश गरेको छ । खरिद गरिएका तारजाली भन्दा बढी संख्यामा जालीमा ढुगा भर्ने कामको विल भुक्तानी गरेकोले वढी गरेकोले वढी संख्याका जाली प्राप्त गरेको वा खरिदको प्रमाण पेश हुनुपर्ने अन्यथा बढी रकम असुल हुनुपर्दछ रु.</td><td>५१,४२२</td></tr>
<tr><td>२३.२</td><td></td><td></td><td>कामको नापजाँच :- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(११) मा उपभोक्ता समितिवाट गराएको कामको नापजाँच तथा सुपरिवेक्षण कार्य सम्बन्धित योजना तोकिएको प्राविधिकको हुने व्यवस्था छ । कार्यलयले DPR स्वीकृत नभएका विभिन्न वडामा ट्र्याक खोल्ने कामको मेशिनवाट कटिङ गरी उपभोक्ता समितिलाई माटो कटिङको परिमाण गणना गर्दा मेशिन उपलब्ध गराउने कम्पनीले प्रति घण्टाको दर वाट उपभोक्ताले पेश गरेको विजक रहेको प्राविधिकले सम्झौता परिमाणको आधारमा विल तयार गर्दै भुक्तानी गरेको पाइयो । कामको नयाँ जाँच गर्दा X sectional drawing वेगर कटिङको परिमाण देखाई भुक्तानी गरेकोले वास्तविक कामको परिमाण यकिन गर्न सकिएन । नमूना छनौट गरि परिक्षण गरिएकोमा ४ वटा सडक खण्डमा कटिङको परिमाण drawing वेगर रु.४९२८३५०।— भुक्तानी गरेको सम्बन्धमा पुन X sectional drawing वाट यकिन गरी खर्च पुष्टि हुने प्रमाण समावेश हुनुपर्दछ ।<br>भवन निर्माण कामको भुक्तानी :- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ५(क) मा सार्वजनिक निकायका प्रमुखले निर्माण कार्य खरिद गर्नुअघी स्पेसीफिकेशन, नक्सा, डिजायन स्वीकृत गर्नुपर्ने व्यवस्था छ । पालिकाले वार्षिक वजेटमा समावेश गरेका सामुदायिक भवन, कूलपुजा भवन, लगायतका भवनहरुको संरचना उपभोक्ता समितिवाट निर्माण कार्य गराई खर्च गर्ने गरेकोमा उक्त भवनहरु निर्माण हुने खालको जग्गाको स्वामित्व समूंचित संख्याको नाममा रहेको प्रमाण, नक्सा, डिजायन स्वीकृत नगरी निर्माण कार्य गराउदै भुक्तानी गर्ने गरेकोले नियममा भएको व्यवस्था पालना गरेर मात्र खरिद कार्य गर्नुपर्दछ ।</td><td>२६८,६५९</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>अनुपातिक कट्टीः सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा समितिको कामको भुक्तानी गर्दा उपभोक्ता समितिवाट कार्य गराउने सम्बन्धी कार्यविधि रहेको छ । उपभोक्ता समितिसँग भएको सम्झौतामा उल्लेखित सहभागिता वापतको रकम कट्टा गरेर मात्र भुक्तानी गर्नुपर्नेमा भौ.नं.८२।२०७९।२।११ वाट उर्गेन सागा छोलिङ गुम्वा निर्माण समितिसँग कामको सम्झौता गर्दा निम्नानुसार ६०/४० को दरवाट भएको छ ।
<table>
<tr><td colspan="2">ल.ई. र सम्झौता</td><td>खुद कामको मुल्यांकन</td><td>भुक्तानी गरेको</td></tr>
<tr><td colspan="2">१३६०१९५</td><td>९२४५९७।-</td><td></td></tr>
<tr><td>उपभोक्ता समित ४०%</td><td>५५०१९५।-</td><td></td><td>१२४५९७।- उपभोक्ता समित</td></tr>
<tr><td>पालिका ६०%</td><td>७६८०००।-</td><td></td><td>७६८०००।- पालिका</td></tr>
</table>
उपरोक्तानुसार सम्झौता र ल.ई. भन्दा घटी मात्र कार्य भएकोमा सम्झौताको शर्त अनुसार ६० प्रतिशतले हुने रु.५५४७८२।— मात्र पालिकाले भुक्तानी गर्नुपर्नेमा रु.७६८०००।— भुक्तानीगरेकोले वढी भुक्तानी रकम रु.२१३२४१।— असुल हुनुपर्ने रु.२१३२४१।—<br>
एकै कार्यमा दोहोरो दर वढि भुक्तानी :- सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा निर्माण कामको भुक्तानी गर्दा सम्झौताको शर्त पुरा गरेपछी मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । डि.पि.आर नभएको स्वास्थ्य चौकी सिटीजन्सवैंक सडक निर्माण कार्य गर्न सडक चेनेज नखुलाई २०० मी लम्वाईमा ड्रेन तथा सोलिङ समेतको काम उपभोक्ता समितिवाट गर्नेगरी रु.१२११६५४।— ल.ई. मध्ये पालिकाले रु.१०५६०००।— भुक्तानी गर्ने गरी सम्झौता गरेकोमा कामको विल तयार गरी भुक्तानी गर्दा Hard rock Soft rock को आइटम मेशिन दरवाट गणना गरेकोमा सोही सडकमा ordinary Soil, BMS लाई Manual दरवाट विल तयार गरी भुक्तानी गरेको पाइयो । डि.पि.आर स्वीकृत नभएको सडकमा मेशिन दर र म्यानुअल दरवाट माटो कटीङ कार्यको भुक्तानी गरेको रु.२६८६५९।—</td><td></td></tr>
<tr><td>२३.३</td><td></td><td></td><td>डि.पि.आर र उपभोक्ता समितिको काम :- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ५ क मा निर्माण कार्य खरिद गर्नुअघि सार्वजनिक निकायका प्रमुखले त्यस्तो कामको ऐनको दफा ४ वमोजिम स्पेसिफिकेशन, नक्सा, डिजायन समेत स्वीकृत गर्नुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न वडाहरुमा नयाँ ट्र्याक खोल्ने सडक निर्माण गर्ने कामको DPR स्वीकृत नगरी उपभोक्ता समिति मार्फत कार्य गराउन सम्झौता गर्ने गरेको पाइयो । उपभोक्ता समितिसँगको संझौतामा Hard rock, Medium rock, Soft rock, BMS समेतको माटो कटिङ गर्ने काम मेशिनवाट गर्ने गरी जिल्ला दररेटमा सम्झदता गर्ने गरेको छ । सडकमा कटिङको कार्य मेशिन वाट गराएकोमा कामको नाप जाँच गर्दा X sectional drawing समावेश गरी क्वान्टीटी गणना गरेको छ । नमूना छनौट गरी परिक्षण गरिएकोमा निम्नानुसारका योजनाका</td><td>४८६,७१९</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>उपभोक्ता सँग भएको सम्झौता भन्दा Hard rock तर्फको आइटममा सार्वजनिक खरिद नियमावलीको नियम ११८ वमोजिम थप कार्यदिश स्वीकृत नगराई बढी परिमाणको भुक्तानी गरेको अनियमित रु.४८६७१९।—<br><table>
<tr><th>सडक नाम</th><th>सम्झौतामा रहेको Hard rock परिमाण</th><th>विलवाट भुक्तानि परिमाण</th><th>वढी परिमाण</th><th>दर</th><th>रकम</th></tr>
<tr><td>यार्माखु-जोलखु सडक</td><td>७०८</td><td>९२७.१०</td><td>२१९.१०</td><td>१४२०</td><td>३१११२२।-</td></tr>
<tr><td>यामार्खु- कापट्टी</td><td>८३५.५४</td><td>८५०.१५</td><td>१४.६१</td><td>१४२०</td><td>२०७४६।-</td></tr>
<tr><td>तल्लो रोस्थी सडक</td><td>७०</td><td>१४२</td><td>७२</td><td>१४२०</td><td>१०२२४०।-</td></tr>
<tr><td>मैली- जिलु सडक</td><td>१६७.१०</td><td>२०४.१५</td><td>३७.०५</td><td>१४२०</td><td>५२६११।-</td></tr>
</table></td><td></td></tr>
<tr><td>२४</td><td></td><td></td><td>सामाग्री खपत अवस्था</td><td></td></tr>
<tr><td>२४.१</td><td></td><td></td><td>खपत जडान प्रमाणः- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ५(क) मा सार्वजनिक निकायका प्रमुखले निर्माण खरिद गर्नु अघि उक्त कार्यको स्पेसिफिकेशन समेत स्वीकृत गर्नुपर्ने व्यवस्था छ । वडा नं. २ का वडाध्यक्षले ४८०० मी पाइप वनेपा (काठमाण्डौ) वाट सोझै खरिद गरी सोमा ढुवानी समेत रु.४००००।— थप गरी पेश गरको आधारमा भौ.नं.९४।२०७९।२।१२ वाट रु.२२५०००।— भुक्तानी गरेको पाइयो ।पाइप खरिद गर्नुअघी स्पेसीफिकेशन र ल.ई. स्वीकृत नगरेको, साथै खरिद गरिएका पाइपको दाखिला तथा खपत जडानको प्राविधिक प्रतिवेदन नरहेकोले उक्त पाइप खपत तथा जडान गरेको प्रमाण पेश हुनुपर्ने रु.२२५०००।—<br>रकम भुक्तानी प्रमाण :- सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(८) मा पच्चिस हजार रुपैया भन्दा वढी रकम भुक्तानी गर्दा एकाउण्ट पेशी चेकको माध्यमवाट गर्नुपर्ने व्यवस्था छ । वडा नं.३ का वडा सचिव राम मिलन महतोलाई वडाको पुँजिगत र चालु कार्यक्रमको रु.२०००००।— भुक्तानी गरेको मध्ये खरिद तर्फको उक्त रकम सम्बन्धितलाई वुझाएको वा वैंक दाखिलाको प्रमाण पेश हुनुपर्ने रु.१३००००।—</td><td>३५५,०००</td></tr>
<tr><td>२४.२</td><td></td><td></td><td>ठेक्कामा रहेको कार्यक्षेत्रको काम उपभोक्ता समितिवाटः- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ वमोजिम खरिद सम्झौता गर्दाको वखत पुर्वानुमान नगरिएको परिस्थिती कार्यान्वयनको क्रममा आइपरेको भेरिएसन आदेश स्वीकृत गर्न सकिने व्यवस्था छ ।</td><td>१०,०७२</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कार्यालयले वडा नं.४ वडा भवन निर्माण कार्य गराउन मिति २०७८।११।२८ रु.६२,४३०८२।- मा सम्झौता भई कार्य शुरु गरेकोमा कार्यस्थलमा Slope Protection को कार्य गराउनु पर्ने अवस्था देखाई निर्माण व्यवसायीलाई छाडिदिएको कार्य क्षेत्र भित्र उपभोक्ता समितिवाट कार्य गराई रु.२८८०००।- भुक्तानी गरेको पाइयो ।उपभोक्ता समितिलाई सम्झौतामा १.५×१×१ र २×१×१ तारजाली खरिद वापत रु.९१८८४।- को ल.ई.स्वीकृत गरी सोही दरवाट भुक्तानी गरेको छ । उपभोक्ता समितिले मु.अ.कर.सहित रु.८१८१२।- मात्रको विजक पेश गरेकोले खरिद मुल्य भनदा वढी तारजालीको भुक्तानी गरेकोले वढी भुक्तानी रकम असुल हुनुपर्ने रु. | |
| २५ | | | **आन्तरिक लेखापरीक्षण तथा सामाजिक उत्तरदायित्व** | |
| २५.१ | | | **आन्तरिक लेखापरीक्षण** :- स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७७(२) मा स्थानीय तहले कानून वमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । पालिकाले ऐनको व्यवस्था वमोजिम आन्तरिक लेखापरीक्षण गराएको पाइएन । ऐनमा भएको व्यवस्था पालना गरी अन्तिम लेखापरीक्षण गराउनु अगावै आन्तरिक लेखापरीक्षण गराउनु पर्दछ । | |
| २५.२ | | | **पुँजिगत वजेटवाट चालु खर्च** :- स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७३(७) मा कार्यपालिकाले सभावाट स्वीकृत सीमा र शिर्षक वाहिर गई वजेट खर्च गर्न नहुने व्यवस्था छ ।वडा भवन निर्माण योजना (पुँजिगत) स्वीकृत वजेट मध्ये २०७८।११।८ को निर्णय नं.८ मा पुँजिगत शिर्षकको रु.६२८०००।— लाई रकमान्तर गरी २०७४ माघ देखी चैत्र सम्मको तथा अन्य महिनाको तलव भत्ताको लागि विद्यालयमा शिक्षक र कर्मचारीको तथा ई.सि.डी.का कर्मचारीको तलब भत्तामा भुक्तानी गरेको कार्य अनियिमित देखिएको रु. | ६२८,००० |
| २५.३ | | | **रोड इन्भेन्ट्री सर्वे** :- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७<br>को नियम ३९ मा सरकारी रकम खर्च गर्नुअघी रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । कार्यालयले पालिका भित्रका सवै वडामा सबै सडकहरुको इन्भेन्ट्री सर्वे कार्य गर्न सव-इन्जिनियरहरुलाई कि.मी.को आधारमा रकम भुक्तानी गरेकोमा वडा नं.४ तथा वडा नं.६ का सडकको रोड इन्भेन्ट्री तयार गरी फाइनल रिपोर्ट तयार नगरी रकम भुक्तानी गर्नाले उक्त कामको अन्तिम प्रतिवेदन पेश नगरे उक्त रकम असुल हुनु पर्दछ रु.६२०००।—<br>वडा नं.४ / सव ई. / रकम<br>४ / कल्पना खड्का / २६०००।-<br>५ / सम्झना वस्नेत / ३६०००।- | ६२,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २५.४ | | | **कन्टिन्जेन्सी खर्च** :- सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमानमा रहेको कन्टिन्जेन्सी रकम कार्यविधि स्वीकृत गरी खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले कुपाङ खोला जल विद्युत योजनामा वडा वजेटवाट छुट्याएको रकम भौ.नं. १३८।०७९।३।२४ वाट मालसामानको लागत इष्टिमेट वेगर वडाध्यक्षले खरिद आदेश स्वीकृत गरी अनुपराज वस्नेतलाई रु.१०००००।— भुक्तानी गरेकोमा उक्त रकम सम्बन्धित पार्टीलाई वुझाएको प्रमाण समेत नरहेकोले खर्च सुनिश्चित नभएको रु. | १००,००० |
| २५.५ | | | **संस्थाको सामाजिक उत्तरदायित्व** :- स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ६ मा योजना तर्जुमा तथा कार्यान्वयन सम्बन्धी व्यवस्था छ । पालिका अन्तर्गत निर्माणाधिन हाइड्रोपावर कम्पनीहरुको अभिलेख तयार उक्त कम्पनीहरुले प्रभावित क्षेत्रका वासिन्दाहरुको लागि सामाजिक उत्तरदायित्व अन्तर्गत छुट्याएको रकमको लेखाजोखा गरेको पाइएन । हाइड्रोपावर कम्पनीहरुले आफै वडाहरुमा विभिन्न निर्माण सामाग्री उपलब्ध गराउने, खानेपानी तथा सडकका नाममा रकम खर्च गर्ने डोजर, एक्जाभेटर मा इन्धन लगायतको मेशिन समेत उपलब्ध गराएको जानकारी पत्र मार्फत उल्लेख गर्ने गरेको परिक्षणको क्रममा देखिएको छ । यस सम्बन्धीको यथार्थ विवरण लेखापरिक्षणमा पेश भएन । नमूना छनौट गरी परिक्षण गरिएकोमा नुम्वुर हिमा हाइड्रोपावर प्रा.लि.ले वडा नं.३ वुभु दोभान सुनुवार टोलमा अस्थायी खानेपानी योजनामा २८।७।२० मा सिमेन्ट, गिटी, वालुवा छड, एच डि इ पी पाइप समेतको मालसामान उपलब्ध गराएकोमा पालिकाले उक्त योजनामा रु.१४४०००।— भुक्तानी गरेको छ । कूल लागत र प्राप्त सामाग्रीको तुलना गर्दा कम्पनीले २०० केजी रड उपलब्ध गराएकोमा ५५३ केजीको कार्य सम्पन्न तयार गरेको, डण्डीको साइज फरक फरक देखाएको छ । लिखु खोलामा निर्माणाधिन एम.वि.हाइड्रोपावरको तर्फवाट यस हिमालय इन्जिनियरिङ प्रा.लीले सामाजिक उत्तरदायित्व अन्तर्गतको कार्य संचालन गरेको सो हाइड्रोपावरले पठाएको पत्र बाट देखिएको छ । पालिकाको २०७८।७९ को २०७८।३।३१ मा पारित वजेट तथा कार्यक्रमको दफा नं.२६ मा लिखु खोलामा संचालित हाइड्रोपावर कम्पनीलाई जनताप्रती उत्तरदायित्व वनाउन सामाजिक उत्तरदायित्व अन्तर्गत वहन गर्नुपर्ने रकम गाँउपालिकाको मातहतलाई गाँउपालिकाको प्राथमिकता आधारमा योजनामा लगानी गर्ने गरी पारित भएकोमा सो अनुसार कार्य भएको पाइएन । लेखापरीक्षणमा प्राप्त विवरण अनुसार २०७९।४।१७ मा पालिकाले सवै वडाहरुमा परिपत्र गरी हाइड्रोपवार कम्पनीले उपलब्ध गराएको रु.२८१५०३००।— का योजनाहरुको विवरण पठाई उक्त योजनाहरुको काम भए नभएको यकिन गरी पठाउन उल्लेख गरेकोमा उक्त कामको प्रतिवेदन तयार नभएकोले सामाजिक उर्त्तरदायित्व अन्तर्गत कम्पनीले छुटंयाएको रकमको पुर्ण विवरण लिई हालसम्म भए गरेको खर्च सम्बन्धमा पुन यकिन र छानविन गरी सो को प्रमाण लेखापरीक्षणमा समेत उपलब्ध गराउने व्यवस्था गरी काममा दोहोरोपना र वढी खर्च भए नभएको यकिन गर्नुपर्दछ ।<br>वडा नं.३ को वडाध्यक्षले वडाभित्रका सबै सडकको सरसफाई उल्लेख गरी रु.१००००००।— भुक्तानी गरेकोमा ग्लोवल हाइड्रोपावर लि.ले पठाएको पत्रमा ५७ घण्टा इन्धन सहित एक्साभेटर सरसफाईको लागि पठाएको पत्र वाट जानकारी दिएकोमा | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | भौ.नं.१००।२०७९।३।६ वाट पालिकाले २०७८।६।१०-२०७८।६।१३ सम्म तेल ढुवानी कार्यमा रु.१७५००।— थप खर्च भुक्तानी गरेकोले इन्धन प्राप्तीको प्माण वेगर ढुवानी खर्च गरेको र पालिकाका वडा सदस्य मार्फत कार्य गराउदै भुक्तानी गरेको सम्बन्धमा पुन यकिन गरी खर्चको यथार्थता यकिन गर्नुपर्दछ । | |
| २६ | | | **कार्यविधिको पालना**<br>**सामाजिक सुरक्षा भत्ता वितरण :** सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को प्रावधान बमोजिम गर्नुपर्दछ । सामाजिक सुरक्षा कार्यक्रममा यस वर्ष रु २४४०५३६० र पालिकाको आन्तरिक खर्चतर्फ रु २२५८४८ गरि जम्मा रु २४६३१२०८ ।- खर्च भएकोमा देखिएका व्यहोराहरु निम्न अनुसार छन् ।<br>१. कार्यविधिको बुँदा नं. २८ अनुसार प्रत्येक पालिकाले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङ्कन तथा सुपरिवेक्षण गर्न उपाध्यक्षको संयोजकत्वमा ७ सदस्यीय अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरी सोही अनुरुप अनुगमन मुल्याङ्कन गरी भत्ता वितरणलाई व्यवस्थित गर्नु पर्दछ। साथै बुँदा नं. ३५ अनुसार वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाइ गर्नुपर्ने, सार्वजनिक सुनुवाइमा प्राप्त गुनासा तथा सुझावमध्ये आफूले सुधार गर्न सक्ने कुरा सम्बोधन गरी सुधार गर्न नसक्ने खालका सुझाव तथा गुनासाहरु सम्बोधनको लागि स्थानीय तहको कार्यालयमा पठाउनुपर्ने उल्लेख छ । वडा कार्यालयहरुमा सार्वजनिक सुनुवाइ भएको र गुनासा सम्बोधनको लागि स्थानीय तहको कार्यालयमा पठाएको प्रमाण पेश हुन आएन । साथै निर्देशिका अनुरुप समिति गठन गरी अनुगमन गरेको समेत पाइएन । तसर्थ कार्यविधिको पालनामा ध्यान पुर्याउँनु पर्दछ ।<br>२. कार्यविधिमा लाभग्राहीको नाम दर्ता र नवीकरणबाट आगामी आर्थिक वर्षका लागि कायम हुने लाभग्राहीको विवरण प्रत्येक स्थानीय तहले फाल्गुन मसान्त भित्र व्यवस्थापन सुचना प्रणालीमा अनिवार्य रुपमा प्रविष्टी गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयले सो अनुसार नगरी लाभग्राहीको साबिककै विवरण र वडाको माग बमोजिम सिधै सामाजिक सुरक्षा भत्ता वितरण गरेको पाइयो । साथै कार्यालयले तोकिएको ढाँचामा फोटो सहित नागरिकता नम्बर उल्लेख गरी लाभग्राहीको अभिलेख राखेको पाइएन । यसले गर्दा वितरित रकम सहि हो भनी एकिन गर्न सकिएन ।<br>३. सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ को परिच्छेद ४ को बुँदा नं १५ मा अद्यावधिक एम आई एस लगतका आधारमा भत्ता रकम निकासा गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाबाट प्राप्त एमआई एस विवरणको मूल अभिलेखको परीक्षण गर्दा केही लाभग्राहीको नागरिकता प्रमाण पत्र नं नभएको, ना प्र नं दोहोरिएको वा सो भन्दा बढी रहेको, ना प्र नं जारी मिति उल्लेख नगरेको, लाभग्राहीको बाबु, आमा, बाजेको नाम उल्लेख नगरेको, नाम दोहोरो रहेकोसमेत देखिएकोले मृत्यु भै सकेका सबै लाभग्राहीहरुको लगत कट्टा भए नभएको यकिन गर्न सकिएन । एम आई एस विवरण अद्यावधिक नहुँदा एकै नामथर भएको व्यक्तिलाईदोहोरो भत्ता जान सक्ने, मृत्यु | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | भै सकेकालाई भत्ता भुक्तानी हुन सक्ने जोखिम रहेको हुँदा पालिकाले एम आई एस लगत अद्यावधिक गरेरमात्र भत्ता वितरण सम्बन्धी कार्य गर्नु पर्दछ ।<br>४. सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधी, २०७५ अनुसार स्थानीय तहले सामाजिक सुरक्षा भत्ता उपभोग गर्न इच्छुक र योग्य नागरीकले तोकिएको मितीमा वडा कार्यालयले अनुसुची-३ र ४ बमोजिमको ढाँचामा दरखास्त फारम आहवान गरी नाम दर्ता र नवीकरण गर्ने व्यवस्था छ । कार्यालयले कार्यविधिको पालना गरी तत् सम्बन्धि कार्य नगरेको हुँदा लाभग्राहीको सख्या यकिन गर्नसकिएन।<br>५. सामाजिक सुरक्षा नियमावली, २०७६ को उपनियम १० अनुसार सामाजिक सुरक्षा भत्ता वितरण गर्दा बैङ्किङ्ग प्रणालीबाट मात्र वितरण गर्नुपर्ने र सम्बन्धित व्यक्तिको खातामा रकम जम्मा गरेको प्रमाणको अभिलेख राख्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले लाभग्राहीहरुको सामाजिक सुरक्षा भत्ता बैंकमा पेश्की निकासा दिँदा लाभग्राहीहरुको नगरिकता नम्बर, जन्म मिति, पारिवारिक विवरण समेतको विस्तृत विवरण प्राप्त नभएकाले दोहोरो खर्च तथा अन्य बढी खर्चहरुको बारेमा यकिन हुन सकिएन । | |
| २७ | | | **सोझै खरिदः**<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा एक लाख रुपैंया भन्दा बढिको खरिद गर्दा लागत अनुमान तयार गर्नुपर्ने र दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा–टुक्रा पारी खरिद गर्नु नहुने व्यवस्था छ । पालिकाले सामाग्रि खरिद गर्दा लागत अनुमान, स्पेशिफिकेसन तयार नगरी टुक्रा खरिद गरेको अनियमित रु. | २,२९७,२९० |

| भौचर नं र मिति | फर्मको नाम | सामान | रकम |
|---|---|---|---|
| ३६।२०७८।६।२२ | दिपेश इन्टरप्राइजेज | कम्प्युटर ,कुर्सि | ४८९२९० |
| ४६।२०७८।७।१५ | रोषन लक्ष्मी इन्टरप्राइजेज | कम्प्युटर अफिस टेवल, फोटोकपी मेशिन | ४३२७९० |
| ६१।२०७८।७।१६ | न्यु सिम्रन इन्टरप्राइजेज | कम्प्युटर | ३८९८५० |
| ३८।२०७८।६।२२ | मार्केटिङ लाइन इन्स | दराज, अफिस टेवल | ४९८३३० |
| २५५।२०७८।११।३० | साह्विवारी इन्टरनेशनल | दराज, अफिस टेवल, कुर्सि | ४८७०३० |
| जम्मा | | | २२९७२९० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२८</td><td></td><td></td><td>भ्रमण खर्चः<br>भ्रमण खर्च नियमावली २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले भ्रमण आदेश नं. भ्रमणमा खटिनेको नाम दर्जा भ्रमण खटिएको स्थान, मिति समेत खुल्ने गरी अनुसूचि ६ बमोजिमको ढाँचामा कार्यालय प्रमुखबाट प्रमाणित गरी भ्रमण अभिलेख राख्नुपर्ने र भ्रमणमा खटाउने पदाधिकारीले विश्वास्नीय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको थप व्यवस्था समेत गर्नुपर्ने व्यस्था छ । पालिकाले यस वर्ष अनुगमन मूल्याङ्कन खर्चमा रु.५०००० /- र भम्रण खर्चमा रु.१५५६५२६ /- गरी जम्मा रु.१६०६५२६ /- खर्च गरेकोमा भ्रमण अभिलेख खाता राखेको पाइएन ।भ्रमण प्रतिवेदन आंशिक रुपमा राख्ने गरेको पाइयो। भ्रमण पश्चात अनिवार्य रुपमा भ्रमण अभिलेख, भ्रमण प्रतिवेदन तथा अनुगमन प्रतिवेदन राख्ने तथा आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था समेत गरी नियममावलीको व्यवस्था पालना गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>फरक खर्च शिर्षकः<br>स्थानीय सरकार संचालन ऐन २०७४ को नियम ७२(२) मा गाँउपालिका तथा नगरपालीकाले नेपाल सरकारले निर्धारण गरेवमोजिमको आय र व्ययको बर्गिकरण तथा खर्च शिर्षक सम्वन्धी व्यवस्था अवलम्वन गर्नुपर्ने र दफा ७३( ७ )मा कार्यपालिकाले सभावाट स्विकृत सिमा र शिर्षक वाहिर गई बजेट खर्च गर्न पउने छैन भन्ने व्यवस्था छ। पालिकोले निम्नानुसार फरक खर्च शिर्षक वाट भुक्तानी भएको अनियमित रु
<table>
<tr><th>भौचर नं र मिति</th><th>विवरण</th><th>खर्च लेख्नुपर्ने शिर्षक</th><th>खर्च लेखेको शिर्षक</th><th>रकम</th></tr>
<tr><td>२७१।२०७८।१२।२५</td><td>कर्मचारी तलव भुक्तानी</td><td>पारिश्रमिक कर्मचारी</td><td>पारीश्रमिक पदाधिकारी</td><td>२५९८१२</td></tr>
<tr><td>३०५।२०७९।२।१२</td><td>सुचना प्रकाशन खर्च</td><td>छपाइ तथा सुचना प्रकाशन</td><td>संचार खर्च</td><td>२६२२१६</td></tr>
<tr><td>२९४।२०७९।३।६</td><td>बाजा खरीद बापत हिन्दु जागरण मण्डली लाइ भुक्तानी</td><td>कार्यक्रममा भए अनुसार</td><td>निर्मित सार्वजनिक सम्पतिको मर्मत</td><td>२०००००</td></tr>
<tr><td>३२३।२०७९।३।६</td><td>सवारी साधन मर्मत</td><td>सवारी साधन मर्मत</td><td>इन्धन कार्यालय प्रयोजन</td><td>५१८००</td></tr>
<tr><td>३३६।२०७९।३।१०</td><td>पदाधिकारी वैठक भत्ता भुक्तानी</td><td>पदाधिकारी वैठक भत्ता</td><td>अन्य भत्ता</td><td>२८०००</td></tr>
</table></td><td>१,३८२,८४८</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३४०।२०७९।३।१६</td><td>पदाधिकारी वैठक भत्ता</td><td>पदाधिकारी वैठक भत्ता</td><td>अन्य भत्ता</td><td>७२०००</td></tr>
<tr><td>३६२।२०७९।३।२३</td><td>मर्मत खर्च भुक्तानी</td><td>सवारी साधन मर्मत</td><td>विविध</td><td>१६४९४०</td></tr>
<tr><td>३६८।२०७९।३।२४</td><td>पदाधिकारी वैठक भत्ता भुक्तानी</td><td>पदाधिकारी वैठक भत्ता</td><td>अन्य भत्ता</td><td>१५७०००</td></tr>
<tr><td>३८१।२०७९।३।२५</td><td>कार्यपालिका वैठक भत्ता भुक्तानी</td><td>पदाधिकारी वैठक भत्ता</td><td>अन्य भत्ता</td><td>९१०००</td></tr>
<tr><td>३३४।२०७९।३।१०</td><td>वडा नं ५ को समिक्षाहल मर्मत</td><td>निर्मित सार्वजनिक सम्पति को मर्मत</td><td>अन्य सेवा शुल्क</td><td>४६०८०</td></tr>
<tr><td>३७९।२०७९।३।२४</td><td>गाडि भाडा भुक्तानी</td><td>सवारी साधन भाडा</td><td>अनुगमन मुल्याङकन खर्च</td><td>५००००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td>१३८२८४८</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३०</td><td></td><td></td><td>समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ताः<br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ ।पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका ९ जना शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु १४७५९३०। तलब भत्ता भुक्तानी गरेको पाईयो ।</td><td></td></tr>
<tr><td>३१</td><td></td><td></td><td>पारिश्रमिक करः<br>आयकर ऐन २०५८को दफा ८७ मा पारीश्रमिक कर कट्टी गर्नु पर्ने व्यवस्था छ।निम्न कर्मचारीहरुको पारिश्रमिक कर कट्टि गर्न छुट भएकोले असुल गरि दाखिला गर्नुपर्ने रु.
<table>
<tr><td>पद</td><td>नाम</td><td>कुल आय</td><td>कट्टि रकम</td><td>छुट पाउने</td><td>कर योग्य आय</td><td>कर रकम</td><td>कैफियत</td></tr>
</table>
</td><td>१३५,९८४</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>अधिकृत छैटौ</td><td>रमेश कुमार कार्की</td><td>७२६२३४</td><td>१५५१११</td><td>४५००००</td><td>१२११२३</td><td>१४२२४</td><td></td></tr>
<tr><td>अधिकृत छैटौ</td><td>ज्ञानु कार्की</td><td>६३३४१८</td><td>१२८१९२</td><td>४५००००</td><td>५५२२६</td><td>५५२२</td><td></td></tr>
<tr><td>सहायक पाँचौ</td><td>नवराज वस्नेत</td><td>६३८०१८</td><td>१३६९४१</td><td>४५००००</td><td>५१०७७</td><td>५१०७</td><td></td></tr>
<tr><td>सहायक चौथो</td><td>राम कार्की</td><td>५७६१४४</td><td>१२०२८४</td><td>४५००००</td><td>५८५९</td><td>५८५</td><td></td></tr>
<tr><td>सहायक चौथो</td><td>शारदा खडका</td><td>६०५३३६</td><td>१२५२४५</td><td>४५००००</td><td>३००९१</td><td>२७०९</td><td></td></tr>
<tr><td>सुचना प्रविधि अधिकृत</td><td>भोला वस्नेत</td><td>५९२८७०</td><td>९००००</td><td>४५००००</td><td>५२८७०</td><td>५२८७</td><td></td></tr>
<tr><td>मे अ आठौ</td><td>डा प्रेम श्रेष्ठ</td><td>१३१५०००</td><td>३६१०००</td><td>४५००००</td><td>५०४०००</td><td>१०२५५०</td><td>मासिक तलव भत्ता रु १ लाख</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td></td><td>१३५९८४</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३२</td><td></td><td></td><td>विविध खर्चः<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु१४८४४६।र वडा कार्यालय तर्फ एकमुष्ट प्रसाशनिक खर्च संगै विविध खर्च हुने गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>३३</td><td></td><td></td><td>वडा संचालन खर्चः<br>स्थानीय सरकार संचालन ऐन २०७४ को नियम ७२(२) मा गाँउपालिका तथा नगरपालीकाले नेपाल सरकारले निर्धारण गरेवमोजिमको आय र व्ययको बर्गिकरण तथा खर्च शिर्षक सम्वन्धी व्यवस्था अवलम्वन गर्नुपर्ने व्यवस्था छ।पालिकाले वडा संचालन खर्च भुक्तानी गर्दा मसलन्द तथा कार्यालय सामाग्रि, मर्मत, इन्धन, विविध लगायत भुक्तानी गर्दा मसलन्द तथा कार्यालय सामाग्रि शिर्षक बाट एकमुष्ठ भुक्तानी गर्ने गरेको पाइयो।खर्च शिर्षक सम्वन्धि व्यवस्थाको पालना हुनु पर्दछ।</td><td></td></tr>
<tr><td>३४</td><td></td><td></td><td>इन्धनः<br>सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष इन्धन खर्चको कुनै मापदण्ड तयार नगरी,इन्धन पदाधिकारी मा वजेट विनियोजन नगरी इन्धन (कार्यालय प्रयोजन) वाट रु. ७३२६१७/ इन्धन मा खर्च गरेको छ । पदाधिकारी तथा कर्मचारीलाई मासिक रुपमा दिने इन्धनको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च रउपयोगको विवरण खुल्ने अभिलेख राखेको पाइएन। इन्धन खर्चको लगबुक अध्यावधिक छैन। इन्धन खर्चलाई मितव्ययी बनाउन इन्धन खर्चको मापदण्ड बनाउने, ईन्धन खर्च र सवारीको प्रयोग (किलोमिटर ) बिष्लेशण सहित लग बुक अध्यावधिक गरि इन्धन प्रयोगको व्यवस्थीत अभलेख राख्ने व्यवस्था गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३५</td><td></td><td></td><td>खर्च पुष्टि प्रमाणः<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल भरपाइ प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ।निम्न बमोजिम खर्चको भुक्तानी गरेकोमा श्रेस्तासाथ विलभरपाइ राखेको पाइएन।खर्च पुष्टि गर्ने प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु
<table>
<tr><th>भौचर नं र मिति</th><th>विवरण</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>३४१।२०७९।३।१६</td><td>कस्मिक कम्प्युटर बाट कार्यालय सामान खरिद</td><td>१९३४०</td><td>खरिद आदेश र जिन्सि दाखिला नभएको</td></tr>
<tr><td>३७६।२०७९।३।२४</td><td>जिवन आइटि सोलुसन वाट कम्प्युटर प्रिन्टर खरिद</td><td>७००००</td><td>सम्वन्धित लाइ रकम वुझाएको भरपाइ नभएको</td></tr>
<tr><td>३४५।२०७९।३।१९</td><td>डल्ले माने मर्मत वापत वडाअध्यक्ष लाइ रकम भुक्तानी</td><td>४८०००</td><td>ज्यामि ज्याला वुझेको भरपाइ र कार्यसम्पन्न प्रतिवेदन नभएको</td></tr>
<tr><td>३७५।२०७९।३।२४</td><td>रातमाटे युवा क्लवको भलिवल प्रतियोगितामा सहभागिहरुको गाडिभाडा भुक्तानी</td><td>५००००</td><td>सहभागि नामावली लगायत खर्च पुष्टिहुने प्रमाण नभएको</td></tr>
<tr><td>३४४।२०७९।३।१९</td><td>रातमाटे युवा क्लवको भलिवल प्रतियोगितामा</td><td>५००००</td><td>सहभागि नामावली लगायत खर्च पुष्टिहुने प्रमाण नभएको</td></tr>
</table></td><td>२३७,३४०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>जम्मा</td><td></td><td>२३७३४०</td><td></td></tr></table></td><td></td></tr>
<tr><td>३६</td><td></td><td></td><td>मर्मतः<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १३(५) मा सार्वजनिक निकायले कुनै माल सामान मर्मतगर्दा सम्बन्धित विशेषज्ञबाट लागगत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी सवारी साधन तथा मेशिन औजार मर्मत गर्द म.ले.प.फा.नं. ४१४ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं. ४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष सवारी साधन मर्मतमा रु.१५६४०६७ /, मेशिन औजार मर्मतमा ४९७२००/-र निर्मित सार्वजनिक सम्पतिको मर्मत संभार खर्च मा रु२००००० / गरी जम्मा रु.२२६१२६७ /- खर्च गरेको मा मर्मत गर्दा लागत अनुमान तयार गर्ने नगरेको तथा वडा कार्यालय तर्फ मर्मत गर्दा म ले प फा नं ४१४ र ४१५ आंशिक मात्र राखेको तथा पाम्स (PAMS) मा अभिलेख राखेको पाइएन। कानून वमोजिम मर्मत अभिलेख खाता अध्यावधिक गरि प्रतिस्प्रधाको माध्यम वाट मर्मत गर्नु पर्दछ।</td><td></td></tr>
<tr><td>३७</td><td></td><td></td><td>गत आ व को भुक्तानीः<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१३)मा चालु बर्षको बजेटले नखामेको खर्च व्यहोर्नुपर्ने भए महालेखापरीक्षकको कार्यालयबाट तोकिएको ढाँचामा भुक्तानी दिन बाँकीको विवरण तयार गरी कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गराएर राख्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले निम्न बमोजिम गत वर्षको भुक्तानी गरेकोमा भुक्तानी वाँकी को विवरण तयार नगरी भुकतानी गरको नियमित नदेखिएको रु<table>
<tr><td>भौचर नं र मिति</td><td>विवरण</td><td>रकम</td></tr>
<tr><td>१५।२०७८।६।२२</td><td>आ ब २०७७।७८ को इ सि डि तथा ३ जना कम्प्युटर शिक्षकको तेस्रो चौमासिक तलव भुक्तानी</td><td>७२५२७०</td></tr>
<tr><td>५०।२०७८।७।१६</td><td>गत आ ब को २ जना शिक्षकको चैत देखि असार को तलव भुक्तानी</td><td>८००००</td></tr>
<tr><td>९६।२०७८।८।२७</td><td>बुद्द मा वि को गत आ व कोछुट तलव भुक्तानी</td><td>६२०००</td></tr>
<tr><td>४५।२०७८।७।१५</td><td>गत आ व को कक्षा ८ को परिक्षा संचालन खर्च भुक्तानी</td><td>२६५०००</td></tr>
</table></td><td>१,१४८,२७०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>७४।२०७८।८।१२</td><td>लुकर्मा आ वि को गत आ ब को इ सि डि शिक्षकको तलव भुक्तानी</td><td>१६०००</td></tr><tr><td>जम्मा</td><td></td><td>११४८२७०</td></tr></table></td><td></td></tr>
<tr><td>३८</td><td></td><td></td><td>शर्शत कार्यक्रम संचालन स्थिति</td><td></td></tr>
<tr><td>३८.१</td><td></td><td></td><td>दिवाखाजा:- वित्तिय हस्तान्तरण वापत प्राप्त रकम खर्च गर्न स्वीकृत कार्यविधिको आधारमा गर्नुपर्ने व्यवस्था छ । शिक्षा शर्शत वाट प्राप्त रकम तोकिएको कृयाकलापमा कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८ को आधारमा खर्च गर्नुपर्नेमा कार्यालयले २०७८।७९ को अवधीको दिवाखाजा कार्यक्रमको रकम २०७९।३।२३ मा रु.१३८४५८७।- निकासा दिएको पाइयो । कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार विद्यालयमा खुलेको अवधीको वढीमा १८० दिन सम्मको दैनिक रु.१५।- का दरले विद्यार्थी संख्या Emis Data भिडान गरी दिवा खाजा कार्यक्रम संचालन गरेका विद्यालयलाई रकम निकासा गर्नुपर्ने व्यवस्था भएकोमा विद्यालयहरुले निकासा भएको उक्त रकम आ.व.२०७९।८० को श्रावण महिना र सो भन्दा पछि वितरण गरेको भर्पाई पेश गरेको देखियो । कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार प्रत्येक वर्षको लागी प्राप्त हुने उक्त रकम अघिल्लो वर्षको रकम पछिल्लो वर्ष वितरण देखाएकोले सम्बन्धीत शैक्षिक सत्र भित्र गर्नुपर्ने खर्च र भुक्तानी पछिल्ला वर्षका विद्यार्थीको नाममा भर्पाई पेश गरेको सम्बन्धमा पुन यकिन गरी निर्देशिका वमोजिम खर्च सुनिश्चितताको प्रमाण पेश हुनुपर्ने रु.</td><td>१,३८४,५८७</td></tr>
<tr><td>३८.२</td><td></td><td></td><td>पाठ्यपुस्तकअनुदान रकम: कार्यक्रम कार्यान्वय पुस्तिका बुँदा नं २.४.६.१ मा IEMIS मा अद्यावधिक तथ्याङक अनुसार विधार्थीहरुको यथार्थ विवरण शिक्षा अधिकृतद्धारा प्रमाणित गरि कक्षागत र विषयगत पाठ्यपुस्तकको संख्या एकिन गरी कक्षा १ देखि १२ सम्मका विधार्थीहरुलाई निशुल्क पाठ्यपुस्तक अनुदान उपलब्ध गराउने व्यवस्था रहेको छ । यसरि निकासा उपलब्ध गराउदा तेस्रो त्रैमासिकभित्र ७५ प्रतिशत मात्र अनुदान दिने र पाठ्यपुस्तक पाए नपाएको, वितरण भए नभएको पालिकाद्धारा अनुगमन गरि शैक्षिक सत्र २०७९ को विधार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा एकिन गरि नपुग हुने रकम मात्र थप २५ प्रतिशतवाट अनुदान दिने व्यावस्था रहेको छ । पालिकाले निशुल्क पाठ्यपुस्तकको लागि मिति २०७९।३।२२ मा विभिन्न विद्यालयहरुलाई रु.७८९४५३।- निकासा गरेकोमा कार्यक्रम संचालन पुस्तिका वमोजिम विद्यालयहरुको IEMIS तथ्यांक लिई विद्यार्थी संख्या सत्यापन गराएको पाइएन । उक्त खर्च सम्बन्धमा पुन यकिन गरि सो को प्रमाण पेश हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३८.३</td><td></td><td></td><td>विद्यालयमा कार्यरत शिक्षक तथा सहजकर्ताको पारिश्रमिक भुक्तानी गर्दा तोकिएको स्थानमा पठन पाठन गराएको हाजीरी विवरण समेत प्राप्त गरी भुक्तानी गर्नुपर्नेमा कार्यालयले शकुन्तला कार्कीलाई वालकक्षाको सहजकर्तामा कार्यरत देखाई निम्नानुसार पारिश्रमिक भुक्तानी दिएको</td><td>१९५,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>पाइयो ।
<table>
<tr><td>अवधी</td><td>विद्यालय</td><td>रकम</td></tr>
<tr><td>श्रावण-कार्तिक</td><td>सिहसेतीदेवी आ.वि.</td><td>७५०००।-</td></tr>
<tr><td>मार्ग,पौष, माघ, फाल्गुण</td><td>गा.पा.शिक्षा शाखा</td><td>६०,०००।-</td></tr>
<tr><td>वैसाख-आषाढ</td><td>सरस्वती आ.वि.चौलाखर्क</td><td>६०,०००।-</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१९५०००।-</td></tr>
</table>
फरक फरक अवधी र विद्यालयमा रहेको तथा गा.पा.शिक्षा शाखावाट पारिश्रमिक पाउने देखाई भुक्तानी गरेकोले निजले वास्तविक रुपमा विद्यालयका अध्यापन गरे नगरेको र स्वीकृत कोटा भित्रको संख्या रहे नरहेको सम्बन्धमा छानविन गरी भुक्तानी पाउने आधार प्रमाण पेश हुनुपर्ने रु.</td><td></td></tr>
<tr><td>३८.४</td><td></td><td></td><td>सोझै खरिद खर्च :- शिक्षा शर्शत अनुदानवाट प्रदान रकम खर्च गर्दा कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८ को व्यवस्था वमोजिम गर्नुपर्ने व्यवस्था छ । विद्यालयमा अध्ययनरत तोकिएका उमेर समुहका छात्राहरुलाई वितर्ण गर्नुपर्ने सेनिटरीप्याड विद्यालयको माग फारम वेगर शिक्षा शाखाको प्रेम बहादुर बस्नेतले २ विद्यालयको लागि उल्लेख गरी स्पेसिफिकेशन स्वीकृत र दररेट स्वीकृत नगरी ९५० प्याकेट स्यानिटरी प्याड ओमतारा मेडिकलसको विल पेश गरी रु.४५८००।- भुक्तानी गरेकोमा हिमगंगा मा.वि र वुद्ध मा.वि. को १ शिक्षक र कर्मचारीलाई प्याडहरु बुझाएको भर्पाई मात्र समावेश गरेकोले स्वीकृत कार्यक्रम अनुसार खर्च नगरेको अनियमित रु.</td><td>५४,०००</td></tr>
<tr><td>३८.५</td><td></td><td></td><td>अधुरो भवनमा लगानी :- वित्तिय हस्तान्तरण अन्तर्गत प्राप्त रकम खर्च गरी स्वीकृत कार्यविधिको आधारमा मात्र गर्नुपर्ने व्यवस्था छ ।हिमगंगा मा.वि.को अधुरो भवन निर्माण कार्य उपभोक्ता समिति मार्फत गरी रु.१६,४०,४९६।— भुक्तानी गरेको छ । उक्त भवन निर्माणको लागि शिक्षा समन्वय इकाई सोलुखुम्बुवाट साविकमा समेत रकम प्राप्त गरी खर्च गरेको यो वर्षको निर्माण कार्यको लागि लागत अनुमान स्वीकृत गर्दा उल्लेख भएको छ ।साविकमा पाएको निर्माण अनुदान, सो मध्ये खर्च भएको र उक्त रकमवाट भए गरेको कामको मुल्यांकन स्वीकृत नगरी यो वर्षको वजेटवाट रु. ३६०००००।— वाट पुन काम शुरु गरी खर्च गर्दा भुई तल्लाको गाह्रो लगाउने र ढलान प्लाष्टर समेतको आइटम राखी कामको परिमाण स्वीकृत गर्दै खर्च प्रारम्भ गरेको छ । साविकमा निर्माण भई अलपत्र छाडिएको भवनको कुल लागत अनुमान मध्ये निर्माण पुरा गरेको कामको मुल्यांकन वेगर साविक संरचना माथि तला थप गर्दै कार्य गराई खर्च</td><td>१,६४०,४९६</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गरेकोमा हाल सम्म उक्त विद्यालय भवनको डिजायन नक्सा स्वीकृती नगरेको र साविक शिक्षा समन्वय इकाई वाट प्राप्त रकम तथा सो वाट भएका कामको मुल्यांकन वेगर थप लगानी गर्दै खर्च गरेकोले हालको संरचनाले थप तलाको स्टक्चरलाई सपोर्ट हुने नहुने परिक्षण वेगर थप लगानी गरेको रु. | |
| ३८.६ | | | **तलवी प्रतिवेदन**<br>सामुदायिक विद्यालयमा कार्यरत शिक्षकको तलब भत्ता भुक्तानी गर्दा शिक्षक कितावखानावाट पारित तलबी प्रतिवेदनको आधारमा गर्नुपर्ने व्यवस्था छ । पालिकाले शिक्षकको तलवी प्रतिवेदन पारित नगरी तलबभत्ता खर्च लेखेको पाइयो । तलबी प्रतिवेदन स्वीकृत नगरी गरिएको खर्च यकिन गर्न सकिएन । यस सम्बन्धमा देखिएका व्यहोराहरु :-<br>• सगरमाथा आ.वि.का शिक्षक नागेन्द्र यादव नाम उल्लेख गरी माग फारमको आधारमा समेत उक्त विलालयमा निकासा गरेकोमा निजको २०७७ चैत्र २०७८ आषाढ हाजिर नभएको (कोरोना संक्रमणले विद्यालय लकडाउन भएको) २०७८।६।१ देखी मात्र विद्यालयमा हाजिर गरी अद्यापन गराएकोमा विद्यालयले भर्पाई वाट २ महिना ११ दिनको हुने रु.६७७१०।- मात्र निजलाई भुक्तानी गरेको देखिएकोले वढी निकासा दिएको उक्त रकम असुल गरी संघिय संचितकोषलाई फिर्ता गर्नुपर्ने रु.८३३४०।-<br>• सिह सेती देवि आ.विमा वैशाख-आषाढ अवधीको तलब निकासा गर्दा का.स.तारा कार्की खड्काको पोसाक भत्ता रु.१६५००।- निकासा गरेकोले वढी निकासा गरेको रकम असुल हुनुपर्ने रु.१५००।-<br>• सिरुवा आ.वि. चौलाखर्कका शिक्षक अस्मिता खड्कालाई मासिक पारिश्रमिकमा रु.१००००।- (अनुदान शिक्षक)का दरले वैशाख-आषाढ अवधिको रु.३०,०००।- मात्र भुक्तानी गर्नुपर्नेमा शर्शत अनुदानवाट रु.६०,०००।- निकासा दिएकोले वढी निकासा रकम फिर्ता लिई संघिय संचितकोष दाखिला हुनपर्ने रु.३०,०००।-<br>• विद्यादात्री मा.वि.चौलाखर्कका शिक्षक रेखा खत्रीलाई वैशाख-आषाढ अवधिमा मासिक रु.२८६१०- को दरवाट गणना गरी १८०९३।- भुक्तानी गरेकोमा पालिकाको पत्रानुसार २०७९।३।१५ बाट तलबभत्ता पाउने पत्र समेत समावेश भएकोले वढी भुक्तानी रु.३७८०।- असुल हुनुपर्ने रु.३७८०।-<br>• सेतीभूमे आ.वि.को वैशाख-आषाढ मा का.स लाक्पा डोमा शेर्पाको नाममा छुट उल्लेख गरी रु.४८५००।- तथा पोसाक खर्च भुक्तानी गरेकोमा निजले पाउने अन्य महिनाहरुको रकम छुट भएको यकिन नगरी निकासा गरेको देखिएकोले पुन यकिन गरी छुट भएको अवधी र निकासा पुष्टि नभएमा वढी भुक्तानी रकम असुल हुनु पर्दछ रु.२४०००।-<br>• कमलामाई मा.वि गोलीमा शिक्षिका गोमा कार्कीको नाममा २०७९ वैशाख-आषाढ रु.२८६१०।- का दरले रु.८५८३०।- र पोसाक भत्ता रु.१५०००।- समेत रु.१००८३०।- भुक्तानी गर्नुपर्नेमा रु.३८२३२०।- निकासा गरेकोले वढी निकासा गरेको | ४२२,६१० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | रु.२८१४९०।- का सम्बन्धमा पुन यकिन गरी सो को प्रमाण पेश हुनुपर्ने साथै प्रमाणवाट थप निकासाको पुष्टी नभएमा वढी निकासा रु.२८१,४९०।- फिर्ता लिई संघिय संचितकोष दाखिला हुनुपर्ने रु.२८१४९०।- | |
| ३८.७ | | | छिम्वु आ.वि भकान्जेमा २०७९ वैशाख-आषाढ १ जना ECD शिक्षकडाटी शेर्पाको लागि तलब भत्ता निकासा गरेकोमा सोही अवधीमा जाङमु शेर्पालाई रु.५०००।- का दरले हुने रु.१५०००।- समेत शर्शत अनुदानवाट खर्च गरेको अनियमित रु. | १५,००० |
| ३९ | | | **सम्झौता कार्यान्वयन**<br>**योजना र लाभग्राही छनौटः-** पालिका र दुर्गेश्वरी मेकानिकल वर्क्स विच सम्पन्न सम्झौता अनुसार वडा नं.३ का लाभग्राहीलाई ३०० वटा सुधारिएको चुलो जडान गरीसकेपछी तोकिएको आधारमा लागत जडान सहभागिता रकम उपलब्ध गराउने गरी सम्झौता भएको छ । यो वर्ष खरिद गरी राखेको चुल्हो मध्ये १५० थान वडा नं.२ मा लाभग्राही ले जडान गरेको उल्लेख गरी रु.२४९९७२।- जडान लागन भुक्तानी गरेको पाइयो । वडा नं.३ को लागि स्वीकृत योजनालाई वडा नं.२ मा संचालन गरी खर्च गरेकोमा वडा नं.२ का लाभग्राही छनौटको आधारको प्रमाण पेश हुनुपर्ने रु. | २४९,९७२ |
| ४० | | | **औषधी खरिद तथा तालिम खर्च** | |
| ४०.१ | | | **औषधी खरिद र अभिलेख :-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ मा सोजै खरिद सम्बन्धी व्यवस्था रहेको छ ।पालिका अन्तर्गत स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य इकाई र आधारभुत स्वास्थ्य ईकाइ समेतको लागि सघिय शर्शत अनुदान र पालिकाको चालु शिर्षकवाट औषधी खरिद गरी यो वर्ष रु.१८,२८,७३२।- को औषधी खरिद गरी खर्च गरेको छ । निशुल्क रुपमा स्वास्थ्य संस्था मार्फत वितरण गरिने औषधीहरु खरिद कार्य गर्दा खरिद योजना स्वीकृत नगरेको, दररेट लिई लागत अनुमान स्वीकृत नगरेको तथा औषधीको परिमाण समेतको आवश्यकता पहिचान नगरी पटक पटक विभिन्न सप्लायर्स/विक्रेता वाट दररेट माग गरी ३ वटा मध्ये घटी वाला सँग खरिद गर्दै खर्च हुने गरेको छ । कार्यालयले २०७७।७८ को दररेट उल्लेख गरी पटक पटक दररेटको आधारमा खरिद गर्दै खर्च गरेको पाइयो । खरिद गरिएका औषधिहरुको उपयोग अवधी नखुलेको, खरिद पश्चात विज्ञ समुहवाट निरीक्षण नगराएको र स्वास्थ्य सेवा विभागले लागु गरेको औषधी खरिद तथा खपत र दाखिला सम्बन्धी सफ्टवेयर ELMIS सवै इकाइमा प्रयोगमा नल्याएकोले खरिद गरिएका औषधीहरुको उपयोग अवधी स्टक यकिन हुने आधार देखिएन । आवश्यकता पहिचान गरी प्रतिस्पर्धावाट औषधी खरिद कार्य गर्नुपर्दछ । | |
| ४०.२ | | | **तालिम नर्मस :** वित्तिय हस्तान्तरण अन्तर्गतका कार्यक्रम संचालन गरी खर्च गर्दा तोकिएको नर्मसको आधारमा गर्नुपर्ने व्यवस्था छ । स्वास्थ्य शसर्तबाट स्थानीय तहमा संचालन हुने कार्यक्रम निर्देशिकामा सन्दर्भ सामाग्री तयार नभएको तालिममा मात्र कार्यपत्रको प्रती सेसन | २३,८०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | रु.२०००।- पाउने व्यवस्था छ । पालिकाले वृहत पोषण प्याकेज क्षमता अभिवृद्धी तालिमको रकम भुक्तानी गर्दा सन्दर्भ सामाग्री भएको उक्त तालिमको प्रशिक्षकलाई कार्यपत्रबापत भुक्तानी गरेकोले थप रकम पाउने आधार पेश हुनु पर्ने अन्यथा नपाउने कार्यपत्रको रकम असुल हुनु पर्ने रु.<br><br>प्रशिक्षकको नाम: भुक्तानी रकम<br>अनिल अधिकारी: ११९००।००<br>सरोज चौधरी: ११९००।०० | |
| ४१ | | | **अनुदान भुक्तानी स्थिती** | |
| ४१.१ | | | **एकै फर्मलाई दोहोरो अनुदान**<br>वित्तिय हस्तान्तरण अन्तर्गतका कार्यक्रमको रकम खर्च गर्दा स्वीकृत कार्यविधि आधारमा संचालन गर्नुपर्ने गरी तोकिएको छ । प्रदेश वा स्थानीय तहमा शर्शत वित्तिय हस्तान्तरण भएका "कृषि विकास कार्यक्रम संचालन सम्बन्नधी कार्यविधि २०७८" २०७८।७।३० मा स्वीकृत भई लागु भएको छ । कार्यविधिमा एकै फर्म वा व्यक्तिलाई दोहोरो अनुदान दिन नपाउने व्यवस्था रहेकोमा पालिकाले निम्नानुसारका कार्यक्रमवाट एउटै फर्म हिमाल एग्रो भिलेज प्रा.लि.लाई छनौट गरी अनुदान रकम उपलब्ध गराएको छ ।<br><br>कार्यक्रमको नाम: अनुदान रकम<br>ओखर खेती विस्तार कार्यक्रम: १३,०५,०००।-<br>मध्यम प्रविधियुक्त वहुउद्देश्यीय फलफुल नर्सरी स्थापना: ५,४५,५५०।-<br>जम्मा: 18,54,950।-<br><br>यस सम्बन्धमा देखिएका थप व्यहोराहरु :-<br>कम्पनीले ओखर खेती विस्तार प्रस्तावना वापत रु.३०,००१६५।- को लागत समावेश गरी सो मध्ये पालिकाले रु.१५०००००।- व्यहोर्ने गरी स्वीकृत गरेकोमा रु.१३०५०००।- भुक्तानी गरको छ ।उक्त प्रस्तावमा ओखर विरुवा नै रहेको पाइएन । विरुवा रोपणको संस्था नभई अन्य अर्च व्यहोरिएको सम्बन्धमा लेखापरीक्षणवाट औल्याउदा ओखरको विरुवा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना | ६३२,९०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ओखलढुंगावाट ल्याएको जानकारीको आधारमा वांकी रकम भुक्तानी गरेको पाइयो ।सोही कम्पनीले वहुउद्देश्यीय फलफूल नर्सरी सम्झौता अन्तर्गतको प्रस्तावमा किविको रुटस्टक र ओखर खेती तर्फकोरुटस्टपहरेन्द्र फलफुल नर्सरी वागवानी फर्म रौतहटवाट विल नै ३८६ मात्र उल्लेख गरी खरिद मिति वेगरको उक्त फर्मको दर्ता PAN नं. भन्दा फरक PAN NO राखेको विल समावेश गरेको छ । किवि तथा ओखरको श्रोत केन्द्र ओखलढुंगा र सोलुखुम्बु रहेकोमा रौतहटवाट रुटस्टम्प खरिद देखाई फर्मको PAN फरक नं. राखी मिति नै उल्लेख नभएको विजक पेश गरी अनुदान भुक्तानी लिएको सम्बन्धमा छानविन गरी उक्त रकम असुल हुनुपर्दछ रु.३६०१५०।-<br>कार्यक्रम कार्यविधि र अनुदान निर्देशिका विपरित एकै फर्मलाई दुई कार्यक्रमवाट अनुदान उपलब्ध गराएको, ओखर खेती तर्फ विरुवा अन्य कार्यालयको कार्यक्रमवाट प्राप्त नगरेको यकिन नगरेको, तर विरुवाको लागि खाल्डो खन्ने, मल खरिद, विरुवा रोप्ने रकम समेत आइटममा भुक्तानी गरेको सम्बन्धमा समेत थप छानविन गरी अनुदान रकम स्वीकृत मापदण्ड र कार्यविधि विपरित लिएको भएमा फिर्ता लिई संघिय संचितकोष दाखिला हुनुपर्ने रु.२,७२,७५०।- | |
| ४१.२ | | | **एउटै संस्थामा पटक पटक लगानी**<br>**...........** *(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।१५ को निर्णयबाट रु .७०००००।-सम्परीक्षण गरिएको ।* | ० |
| ४२ | | | **निर्देशिकाको पालना** | |
| ४२.१ | | | **निर्देशिकाको पालना :-** प्रधानमन्त्री रोजगार कार्यक्रम संचान निर्देशिका अनुसार यस कार्यक्रमवाट संचालन हुने योजनाको निर्माण कार्य गराउदा स्थानीय तहले निर्माण सामाग्रीमा लागत सहभागिता गर्न सक्ने व्यवस्था रहेको छ । पालिकाले रोजगार कार्यक्रम वाट संचालन हुने योजनाको ढुंगा सोलिक कार्यको, तारजालीमा ढुंगा भर्ने लागत अनुमान तयार गर्दा ५ किमी ट्याक्टर र ४ किमी मानिसवाट ढुवानी देखाई सवै वडाको कार्यको लागि एकै दरवाट कामको लागत अनुमान तयार गरेको छ । पालिका दर तोकिएको र सोही दररेटवाट लाग्ने ज्यामी दरको गणना गरेको भएता पनि ढुंगाको काममा कायम गरिएको दरवाटै कुल कामको नापजाच गरी भुक्तानि गर्ने गरेकोले पहाडी भूभाग रहेको यस पालिकाको लागि ढुंगा सोलिङ कामको लागि निर्माण स्थलको ढुंगा सडक सम्याउने, माटो खन्ने काम समेतको लागत समावेश गरेको पाइयो । काम गराउदा सामाग्री लागत सहभागिता गर्न सक्ने व्यवस्था भएकोमा सो खर्चलाई पुष्टि गर्ने आधार वेगर नै सामाग्री सहितको दरवाट विल तयार गरी भुक्तानी गरेकोले कामको मुल्यांकन यथार्थ देखिएन ।<br>**सवारीसाधन खरिद :-** प्रधानमन्त्री रोजगार कार्यक्रम निर्देशिकामा उक्त कार्यक्रमको लागि प्राप्त रकमवाट सवारीसाधन खरिद गर्न पाउने व्यवस्था रहेको पाइएन । कार्यालयले चालुखर्च तर्फ रकमवाट रु.२९२००।- मा १ थान मोटरसाइकल खरिद गरी खर्च गरेको पाइयो । चालु तर्फको रकमवाट रकमान्तर स्वीकृती वेगर कार्यक्रममा समावश नभएको कार्यमा खर्च गरेको अनियमित रु. | २९२,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४२.२</td><td></td><td></td><td>खरिद विजकः- प्रधानमन्त्री रोजगार कार्यक्रमवाट संचालित योजनामा कार्यक्रम संचालन निर्देशिकामा स्थानिय तहलेनिर्माण सामाग्रीमा सहभागिता गर्न सक्ने व्यवस्था छ । सगरडांडा भकाजे योजनामा सामाग्री वापतको रु.२७३६१०।— समेत थप गरी कुल विल रु.१३,७८६२९।— रहेको काम गराई वेरोजगार हरुलाई पारिश्रमिक भुक्तानी गरेकोमा सामाग्री (ढुंगा) खरिदको विल समावेश नभएको साथै ढुगा संकलनको मषटरोल र परिमाण नखुलेकोले सामाग्री वापतको लागत यकिन नभएको रु.२७३६१०।—<br>वडाध्यक्षवाट सामाग्री खरिदः- सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ (८) मा पच्चिस हजार रुपैया भन्दा वढी रकम भुक्तानी गर्दा एकाउण्ट पेशी चेकको माध्यमवाट गर्नुपर्ने व्यवस्था छ ।प्रधानमन्त्री रोजगार कार्यक्रममा स्थानीय तहले सामाग्री खरिदमा लागत सहभागिता गर्ने व्यवस्था रहेकोमा कार्यालयले वडा भित्रका विभिन्न सडकमा ढुगा सोलिङ कार्यको लागि ढुंगा खरिद तथा ढुवानी कार्यको भुक्तानी वडाध्यक्षहरुलाई उपलब्ध गराएकोमा सम्बन्धित फर्म तथा विक्रेतालाई सोझै रकम भुक्तानी गर्ने व्यवस्था हुनुपर्दछ ।</td><td>२७३,६१०</td></tr>
<tr><td>४३</td><td></td><td></td><td>पदाधिकारी अनुगमन प्रतिवेदनः<br>गाँउ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन २०७५ को अनुसूची १ (क) मा गाँउपालिका अध्यक्षले रु. १००००/-, उपाध्यक्षले रु. १००००/-, वडाध्यक्षले रु. ४०००/- र कार्यपालिका सदस्यले रु. २०००/- मासिक अनुगमन भत्ता पाउने व्यवस्था छ । अनुगमन भत्ता भुक्तानी लिदाँ मासिक रुपमा अनुगमन प्रतिवेदन तयार गरी पेश गर्नुपर्ने व्यवस्था रहेकोमा अनुगमन भत्ता लिने पदाधिकारीले ऐनले तोके बमोजिमको मासिक अनुगमन प्रतिवेदन पेश नगरेको भएतापनि मासिक रुपमा अनुगमन भत्ता बुझिलिएको पाइयो। अनूगमन प्रतिवेदन पेश हुनु पर्दछ।</td><td></td></tr>
<tr><td>४४</td><td></td><td></td><td>पेश्की बाँकी<br>आर्थिक कार्यविधितथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम आर्थिक वर्षको अन्त सम्म फस्र्योंट हुन बाँकी पेश्की तोकिएको कार्य पूरा गराई असुल फस्र्योंट र नियमित हुनु पर्ने रु.<br>
<table>
<tr><th>पेश्की लिने व्यक्ति, फर्म वा कम्पनीको नाम</th><th>म्याद ननाघेको</th><th>म्याद नाघेको</th></tr>
<tr><td>(क)निर्माण व्यवसायी पेश्की</td><td></td><td></td></tr>
<tr><td>पि आर निर्माण सेवा एण्ड एन एस कन्स्ट्रक्सन जे भि</td><td>३८१६००</td><td></td></tr>
<tr><td>जम्मा पेश्की</td><td>३८१६००</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>४५</td><td></td><td></td><td>अनुगमन तथा सम्परीक्षण</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ । सोही ऐनको दफा ८४ (२) (घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ ।<br>कार्यालयले डोर समक्ष गत विगतको वेरुजु फस्यौंट गरी सम्परीक्षणको लागि पेश गरेकोमा फस्यौंट मनासिव देखिएकोले सम्परीक्षण गरिएको छ । यस वर्ष सम्परीक्षण भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ । | |

| सि.नं. | आ.व. | वेरुजुदफानं. | वेरुजुरफछैंटकोसंक्षिप्तव्यहोरा | फछ्र्यौंटकोआधार | | | | सम्परीक्षण |
|---|---|---|---|---|---|---|---|---|
| | | | | असुली | प्रमाण | नियमित | पेश्की | |
| | २०७६।७७ | १९ | पालिका अध्यक्ष डम्बर ब. बस्नेतको नामको बेरुजू असूल भई फर्छ्यौट | ५०००० | | | | ५०००० |
| | २०७६।७७ | १९ | प्रमिला बसनेत कार्की | ५०००० | | | | ५०००० |
| | २०७६।७७ | ४२ | विल भर्पाई भन्दा बढी खर्च असुल | ४९०६१ | | | | ४९०६१ |
| | २०७६।७७ | २८ | दोहोरो ढुवानी भाडा | ७५००० | | | | ७५००० |
| | २०७६।७७ | १९ | सूचना प्रकाशन | १०५००० | | | | १०५००० |
| | २०७६।७७ | २८ | पुन्य बहादुर बस्नेतको नामको वेरुजु असुल | ३९६०० | | | | ३९६०० |
| | २०७६।७७ | ५३.२ | सामाजिक सुरक्षाको बढी खर्च | १६००० | | | | १६००० |
| | २०७६।७७ | ५८ | मु.अ.कर बापतको | १९४७१ | | | | १९४७१ |
| | | | जम्मा | | | | | ४०४१३२ |